## अध्याय एक

# शोधपरिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषा विचार विनिमयको माध्यम हो । भाषाका सुनाइ, बोलाइ, पढाइ लेखाइ यी चारवटा सिपहरूमध्ये लेखाइ सिपको विकासमा महत्त्वपूर्ण सहयोग पुऱ्याउने विधामध्ये निमन्त्रणा लेखन पनि एक हो । लेखाइ सिपको विकास गर्ने उद्देश्यले विद्यालयको प्राथमिक तहदेखि उच्च तहसम्मका कक्षाहरूमा निमन्त्रणापत्र लेखनका पाठहरू पठनपाठन गरिदै आएको पाइन्छ । दैनिक व्यवहार चलाउने क्रममा व्यावहारिक रूपमा आफ्ना आफन्त, नातागोता, इष्टमित्र, छरछिमेकी, साथीभाइ र टाढा टाढा रहेका आफन्तजनसँग हालखबर साटासाट गर्ने चिठीलेखन गरिन्छ । त्यसैगरी घरमा शुभकार्यको आयोजना गरी आफ्ना आफन्त, नातागोता, साथीभाइलाई उक्त शुभ कार्यमा सामेल भई शुभकार्य सु-सम्पन्न गर्नका लागि निम्तो दिने वा बोलाउनका लागि निमन्त्रण लेखेर पठाउने गरिन्छ । निमन्त्रणालाई व्यावहारिक जीवनमा आवश्यक पर्ने एउटा महत्त्वपूर्ण लेखन सिपका रूपमा लिने गरिन्छ । निमन्त्रणा छेवर, पास्नी, विवाह, वार्षिकोत्सव, भोज, सभा, समारोह, गोष्ठी, सेमिनार, उद्घाटन, पूजा आदि अवसरमा आयोजना गरी उक्त शुभ अवसरमा उपस्थित हुनका लागि निम्तो दिनका लागि लेखिँदै आएको पाइन्छ ।

विचार विनिमय मौखिक र लिखित दुवै ढङ्गबाट हुन्छ । भाषाको मूल रूप मौखिक हो भने त्यसको विकसित तथा औपचारिक रूप लिखित हो । मानिसका अनुभव र ज्ञानलाई सञ्चय गर्ने तथा राष्ट्रिय /अन्तर्राष्ट्रिय क्षेत्रमा सम्प्रेषण गर्ने भाषाको लिखित माध्यमले विशेष महत्त्व राख्दछ । यसर्थ शिक्षाको प्रारम्भिक तहबाट नै लेखाइ सिपको विकास गर्दै लैजानु आवश्यक हुन्छ । निमन्त्रणा र चिठी लेखाइ दैनिक व्यावहारिक लेखनका रूपमा चिनिन्छ । लेखाइ सिपको विकास गर्न निमन्त्रणा लेखन प्रक्रिया प्रमुख कार्यकलापका रूपमा लिइन्छ । विद्यार्थीहरूलाई व्यावहारिक जीवनका आवश्यकताहरू परिपूर्ति गर्नका लागि व्यावहारिक लेखन कलाअन्तर्गत निमन्त्रणापत्र लेखन कार्य शिक्षण गर्नु जरुरी ठानी विद्यालयको प्राथमिक तहदेखि उच्च तहसम्मका कक्षाहरूमा निमन्त्रणा शिक्षा गरिदै आएको पाइन्छ । यसरी विद्यार्थीहरूमा व्यावहारिक लेखन क्षमता वृद्धि गर्न साथै लिखित क्षमता

पहिचान गर्ने आधार निमन्त्रणा लेखन भएको हुँदा यो अत्यन्तै आवश्यक देखिन्छ । निमन्त्रणा मानवीय अनुभव साथै शुभ कार्यको आयोजना गरी आफ्ना आफन्त, इष्टमित्र, साथीभाइ र टाढा/टाढा रहनुभएका आफ्ना मान्यजनलाई उक्त शुभ अवसरमा उपस्थित भइदिनका लागि निम्तो दिनको लागि निमन्त्रणा पत्र लेखेर पठाउने गरिन्छ । निमन्त्रणापत्रको माध्यमबाट वैयक्तिक सम्बन्धको विकास गर्ने गरिन्छ । निमन्त्रणा विशेषता पास्नी, छेवर, व्रतबन्ध, विवाह, वार्षिकोत्सव, भोज, सभा, समारोह, गोष्ठी, सेमिनार, उद्घाटन पूजा आदिका अवसरमा निम्तो दिनका लागि लेख्ने गरिन्छ । यो कुनै सन्देश लिने र दिने सम्बन्धलाई निरन्तरता दिने सम्पर्क बढाउने उद्देश्यले लेखिने गरिन्छ । निमन्त्रणमा शुभ कार्यको सञ्चालन हुने मिति, समय, स्थान उल्लेख गरिन्छ । साथै शुभकार्य के, कसको, कहाँ गरिने हो र कस-कसलाई आमन्त्रण गरिएको हो सो समेत स्पष्ट रूपमा उल्लेख गरिन्छ । विवाहको निमन्त्रण भए कसको विवाह कोसँग कहिले, कहाँ हुने हो सो कुराको उल्लेख गरिन्छ । त्यसमा प्रार्थी/दर्शनाभिलाषीको नाम उल्लेख गरिन्छ । यी विभिन्न आधारमा शिष्टता तथा आत्मीयता दर्शाइ के कस्तो शुभ कार्य आयोजना गरिने हो सम्पूर्ण कुराहरू उल्लेख गरिएको हुन्छ ।

लेखाइ सिपसम्बन्धी विविध पक्षहरू रहन्छन् । ती पक्षहरूमध्ये व्यावहारिक लेखन एक महत्त्वपूर्ण र उत्तम कला हो । तिनै उत्तम कलाहरूमध्येको शिष्ट र मर्यादित भाषाको प्रयोग गरिन्छ । यो औपचारिक रूपमा लेखिने एक किसिमको सामाजिक पत्र हो । यसमा शिष्ट मर्यादित सङ्क्षिप्त, र स्पष्ट भाषाको प्रयोग गरिन्छ । यसमा जुन कार्यक्रममा सहभागी हुनका लागि निम्तो गरिएको हुन्छ त्यससँग सम्बन्धित स्थान, मिति, समय, अवसर प्रस्टसँग उल्लेख गरिएको हुन्छ । यो विद्यालय तहको प्राथमिक तहदेखि उच्च तहसम्मका कक्षाहरूमा शिक्षण गरिँदै आएको छ । यसरी पठनपाठनका क्रममा प्राथमिक तहदेखि निमन्त्रणाको शिक्षण गरिदै आए तापनि उच्च तहसम्मका विद्यार्थीहरूलाई आधार मानेर विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमतलाई हेर्दा अझैं पनि कतिपय कमीकमजोरीहरू पाउन सकिन्छ । यस अध्ययनले इलाम जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता के कस्तो रहेको छ भनी अध्ययन गरिएको छ ।

## १.२ समस्याकथन

लेखाइ सिप भाषिक सिपहरूमध्येको एउटा प्रमुख सिप हो । लेखाइ सिप स्थायी किसिमको हुन्छ । निमन्त्रणा व्यावहारिक लेखन कै एउटा महत्त्वपूर्ण र विशिष्ट लेखन हो । लेखन कलामध्ये उत्कृष्ट र विशिष्ट भाषाको प्रयोग निमन्त्रणामा गरिन्छ । विद्यालय तहदेखि उच्च तहसम्मका कक्षाहरूमा निमन्त्रणा लेखनसँग सम्बन्धित विषयवस्तु समेटिएको छ । विद्यार्थीहरूले यस लेखन सिपमा के कति कुशलता प्राप्त गर्न सक्छन् र उनीहरूले आफ्ना विचारलाई के कसरी श्रृङ्खलाबद्ध रूपमा अभिव्यक्त गर्न सक्छन् भन्ने विषयलाई अध्ययनको समस्याका रूपमा लिइएको छ ।

कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमतामा केन्द्रित भएर यो अध्ययन गर्न लागिएको हो । कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको क्षमता पहिचान गरी आवश्यक सुझाव पहिल्याई व्यक्तिगत जीवनमा लेखन क्षमतासँग सम्बन्धित निमन्त्रणा लेखन क्षमता विकासका लागि पूर्व सचेत भई आवश्यक र उचित क्रियाकलाप सञ्चालन गर्न सहयोग गर्ने अपेक्षा पनि प्रस्तुत अध्ययनबाट लिइएको छ । यस अध्ययनसँग सम्बन्धित समस्याहरूलाई बुँदागत रूपमा यसप्रकार उल्लेख गरिएको छ :

क) लैङ्गिक आधारमा विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको तुलनात्मक स्थिति के कस्तो छ ?

ख) विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता के कस्तो रहेको छ ?

ग) इलाम जिल्लाका कक्षा एघारमा अध्ययनरत समग्र विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता के-कस्तो रहेको छ ?

## १.३ उद्देश्य

यस शोधपत्रका उद्देश्यहरू यसप्रकार रहेका छन् :

क) लैङ्गिक आधारमा विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु,

ख) विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता पत्ता लगाई निराकरणका उपायहरू सुझाउनु ।

ग) इलाम जिल्लाका कक्षा एघारमा अध्ययनरत समग्र विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता पत्ता लगाउनु,

## १.४ शोधको औचित्य

उच्च माध्यमिक तहका विधागत विवरणअन्तर्गत उल्लेखित सङ्ख्यामा निमन्त्रणा जस्ता प्रयोगहरूलाई विधा शिक्षणका रूपमा समावेश गरिएको छ । त्यसैगरी सिर्जनात्मक अभ्यास शीर्षकमा समसामयिक विषयहरू समावेश गरी अभ्यास गराउन राखिएको लक्ष्यले नेपाली विषयका पाठ्य पुस्तकमा निमन्त्रणा लेखन प्रक्रिया जोड दिइएको छ । निमन्त्रणा लेखन व्यावहारिक लेखन सम्बन्धी एक शिष्ट मर्यादित लेखन भएकोले कक्षा एघारमा अध्ययन गर्ने विद्यार्थीहरूमा सभ्य र विनम्रताको भाषाशैलीको प्रयोग गर्ने क्षमता के-कस्तो रहेको छ भन्ने कौतूहलता लागेको हुँदा यो अध्ययन सान्दर्भिक ठानेको छु । लेखाइ सम्बन्धी ढङ्ग ढाँचाको पहिचान गर्ने निश्चित समय सीमाभित्र निर्धारित शीर्षकमा लेखिएको नियमबद्ध रचनालाई साङ्खिकीय तथ्याङ्कका आधारमा अध्ययन विश्लेषण गर्दा विभिन्न समूहका विद्यार्थीहरूको लेखाइ क्षमता पहिचान गर्न सकिने भएकाले कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूले निमन्त्रणा लेखन शीर्षकमा गरिएको अध्ययनले विद्यार्थीको निमन्त्रणा लेखन क्षमता पहिचान गरी सुधारात्मक उपायको खोजी गर्न सहयोग पुऱ्याउने छ ।

## १.५ शोध सीमा

अध्ययनको सम्पूर्ण पक्षलाई समेट्न कठिन हुने हुँदा अध्ययनको व्यापकता र गहिराइलाई निश्चित सीमित गर्नुपर्ने हुन्छ । निश्चित सीमाङ्कन नगरिएमा अनुसन्धान अध्ययन सफल हुन सक्दैन त्यसैले यस अध्ययनलाई निम्नलिखित सीमामा सीमाङ्कन गरिएको छ :

क) प्रस्तुत अध्ययन इलाम जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको पहिचानमा सीमित रहेको छ ।

ख)　प्रस्तुत अध्ययन इलाम जिल्लाका कक्षा एघारमा अध्ययनरत छात्रछात्राहरूले तयार पार्ने वैवाहिक कार्यक्रमसँग सम्बन्धित निमन्त्रणा पत्रमा सीमित रहेको छ ।

ग)　प्रस्तुत अध्ययन इलाम जिल्लाका १० वटा विद्यालयमा अध्ययनरत १०० जना विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता परीक्षणबाट तथ्याङ्कको व्याख्या तथा विश्लेषणमा सीमित रहेको छ ।

## १.६ अध्ययनको रूपरेखा

प्रस्तुत अनुसन्धानको रूपरेखा निम्न अनुसारको रहेको छ :

अध्याय एक : शोधको परिचय

अध्याय दुई : पूर्वकार्यको अध्ययन

अध्याय तिन : सैद्धान्तिक अवधारणा

अध्याय चार : शोधविधि र प्रक्रिया

अध्याय पाँच : लैङ्गिक आधारमा विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको स्थिति

अध्याय छ : विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको स्थिति

अध्याय सात : लैङ्गिक आधारमा विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको तुलनात्मक स्थिति

अध्याय आठ : सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भसूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा

## २.१ पुस्तक समीक्षा

कुनै पनि अनुसन्धान गर्नुभन्दा पहिलो त्यस विषयसँग सम्बन्धित पहिलो भइसकेका अनुसन्धानहरूको अध्ययन गर्नुपर्ने हुन्छ । वर्तमानलाई विगतले गतिशील बनाउँने हुँदा आफूले गर्दै गरेको अनुसन्धानलाई उद्देश्यमूलक बनाई सही मार्गमा हिँडाउन प्रत्यक्ष/परोक्ष रूपमा सम्बन्धित पूर्वअध्ययनहरूको विशेष महत्त्व हुन्छ ।

अधिकारी (२०५०) द्वारा **लिखित नेपाली भाषा शिक्षण** नामक पुस्तकमा भाषा शिक्षणमा विभिन्न पक्षहरूको चर्चा गर्ने क्रममा लेखाइ शिक्षण अध्ययन पनि समावेश गरिएको छ । यसमा लेखाइसम्बन्धी कार्यकलापहरू, लेखाइका शुद्धीकरण, आभ्यासिक तथा निर्देशित लेखन र स्वतन्त्र तथा सिर्जनात्मक लेखन शिक्षणका बारेमा चर्चा गरिएको छ । नेपाली भाषा शिक्षणमा चिठी सम्बन्धित, निमन्त्रणा सम्बन्धित सूचनालाई लेखाइ शिक्षण कार्यकलापहरू नामक शीर्षकअन्तर्गत समावेश गरिएको छ ।

भण्डारी र अन्य (२०६६) द्वारा **साधारण नेपाली पुस्तकमा व्यावहारिक रचना** अन्तर्गत निमन्त्रणा रचनालाई चर्चा गरिएका छ । निमन्त्रणा पत्र भनेको कुनै खास अवसरमा निम्तो दिने उद्देश्यले लेखिने पत्र हो । यो औपचारिक रूपमा लेखिने एक प्रकारको सामाजिक पत्र हो । यसमा सङ्क्षिप्त र स्पष्ट शैली सभ्य, शिष्ट एवम् विनम्र भाषाको प्रयोग गरिन्छ । यसमा जुन कार्यक्रममा सहभागी हुनका लागि निम्ता गरिएको हुन्छ । त्यससँग सम्बन्धित मिति, स्थान र समय प्रस्टसँग उल्लेख गरिएको हुन्छ (भण्डारी, लामिछाने र घिमिरे २०६६: १७८) निमन्त्रणा लिखित माध्यमद्वारा कुनै पनि विशिष्ट तथा शुभकार्यमा सम्बन्धित व्यक्तिलाई उपस्थितिको लागि अनुरोध गर्दै अति विनम्र भाषाको प्रयोग गरी लेखिने एक प्रकारको पत्र हो । यस लेखबाट विद्यार्थीहरूमा स्पष्ट अभिव्यक्ति विशिष्ट र उत्कृष्ट भाषाको प्रयोग सम्मान र अभिवादन गरी लेख्न सक्ने खुबीको समेत विकास हुन्छ ।

सुवेदी र अन्य (२०७२) द्वारा **कक्षा एघार सबैको नेपाली** नामक पुस्तकमा पत्र रचनाअन्तर्गत चिठी र निमन्त्रणालाई समावेश गरी लेखिएको छ । "निमन्त्रणा कुनै गोष्ठी,

सेमिनार, सभा, समारोह, विवाह, ब्रतबन्ध, भोज आदिका निम्ति लेखिने पत्र हो (२०७२ : १८७) विषय अनुसार यसका भाषा र स्वरूपमा भिन्नता हुने भए तापनि उपस्थितिका निम्ति अनुरोध यसको मुख्य उद्देश्य हो । यो पुस्तकमा निमन्त्रणामा कसको के शुभ अवसरमा कहाँ कुन मितिमा उपस्थित हुनु पर्ने हो सो उल्लेख गरेर लेख्नुपर्ने कुरा उल्लेख गरिएको हुँदा निमन्त्रणा लेखनमा यस पुस्तकको महत्त्व अन्यन्तै छ ।

अधिकारी (२०७३) द्वारा **माध्यमिक शिक्षक स्रोत सामग्री नेपाली भाग दुई**को अध्याय एघारमा व्यावहारिक रचनाहरूअन्तर्गत निमन्त्रणा पत्र र शुभकामना लेखनका बारेमा चर्चा गरिएको छ । “निमन्त्रणा भनेको पास्नी, ब्रतबन्ध, विवाह, वार्षिकोत्सव, भोज, सभा, समारोह, गोष्ठी, सेमिनार, उद्घाटन, पूजा आदिका अवसरमा निम्ता दिनका लागि लेखिने पत्र हो ” (२०७३ : ५३५) । यसको स्वरूप विभिन्न किसिमको हुन्छ । निमन्त्रणाअनुसार यसको भाषा पनि अलिक फरक हुन्छ । निमन्त्रणा जुनसुकै किसिमको भए पनि त्यसमा प्रयुक्त भाषा संक्षिप्त, शिष्ट, समय, सुस्पष्ट र सुमधुर हुनुपर्छ । निमन्त्रणाको रचना चिठी र निवेदनभन्दा अलिक वेग्लै तरिकाले गरिन्छ । निमन्त्रणा लेख्दा सङ्क्षिप्त, शिष्ट, सभ्य र स्पष्ट भाषाको प्रयोग गरी परिस्थिति अनुकूल खालको निमन्त्रणा लेखनमा यस कृतिको महत्त्वपूर्ण भूमिका पाइन्छ ।

भुसाल र भट्ट (२०७३) द्वारा **निम्न माध्यमिक शिक्षक नेपाली मार्गनिर्देशिका** नामक पुस्तकमा व्यावहारिक रचना अन्तगत पत्ररचना, निमन्त्रणा, संवाद, वादविवाद, मनोवाद, वक्तृतता लेखन, दैनिकी लेखन, सारांश लेखन, अनुच्छेद लेखन, प्रतिवेदन लेखन, निबन्ध लेखन आदि जस्ता लेखाइ सिपको विकास गराइने कार्यकलापहरू समेटेर उक्त पुस्तक लेखिएको छ । यसलाई औपचारिक पक्ष भेदअन्तर्गत राखिएको छ । “निमन्त्रणा विवाह, भोज, बतबन्ध, सभा, समारोह, गोष्ठी आदिमा कसैलाई निम्तो दिन तयार पारिने गरिन्छ” (भुसाल र भट्ट, २०७३ : ४७७) । यसको आकार संक्षिप्त हुन्छ । यसमा कार्यक्रमबारे स्पष्ट सूचना तथा जानकारी राख्न सकिन्छ । यसमा पहिला श्री/श्रीमान्, सुश्री लगायत राखी सम्बोधन उल्लेख गर्न सकिन्छ । त्यसपश्चात् विषयवस्तुको जानकारी, कार्यक्रमको जानकारी र कार्यक्रमको मिति, स्थान, समयको उल्लेख क्रमशः गर्नुपर्छ । निमन्त्रणा लेख्दा माथि उल्लेखित रूपमा श्रृङ्खलाबद्ध तरिकाबाट लेख्न सकिन्छ भन्ने जस्ता ज्ञानका लागि यो पुस्तकको अध्ययन महत्त्वपूर्ण छ ।

## २.२ शोधपत्र समीक्षा

यहाँ विभिन्न अनुसन्धानकर्ताद्वारा विद्यार्थीहरूको लेखन सिपसँग सम्बन्धित केही अध्ययन अनुसन्धान भएका पाइन्छन् । यी लेखन क्षमताको अध्ययनसँग सम्बन्धित शोधप्रतिवेदनको समीक्षा गर्ने जमर्को गरिएको छ जसलाई निम्न अनुच्छेदमा स्पष्ट पारिएको छ ।

निरौला (२०६२) द्वारा **कक्षा नौ पूरा गरेका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन** शीर्षकमा अनुसन्धान भएको पाइन्छ । प्रस्तुत शोधको उद्देश्यमा कक्षा नौ पुरा गरेका विद्यार्थीहरूको लेखन क्षमता पहिचान गर्नु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको बिच निबन्ध लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु रहेको छ । प्रस्तुत शोधका लागि क्षेत्रीय अध्ययन विधि र वर्णनात्मक विधि अन्तर्गतका प्रतिनिधि नमुना छनोट, तथ्याङ्क सङ्कलन र विश्लेषण जस्ता विधिको प्रयोग भएको पाइन्छ भने सामुदायिक विद्यालयका विद्यार्थीभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूमा राम्रो क्षमता रहेको र समूहगत आधारमा सार्थक अन्तर देखिए पनि समग्रमा राम्रो रहेको निष्कर्ष निकालिएको छ ।

खतिवडा (२०६४) द्वारा **कक्षा सात पूरा गरेका विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन** शीर्षकमा अनुसन्धान भएको पाइन्छ । प्रस्तुत शोधको उद्देश्यमा उदयपुर जिल्लाका कक्षा सात पुरा गरेका विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन गर्नु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन गर्नु, विद्यार्थीहरूको लैङ्गिक आधारमा निवेदन तथा चिठी लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु, नेपाली मातृभाषी र नेपाली इतर मातृभाषी विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन गर्नु रहेको छ । प्रस्तुत शोधका लागि क्षेत्रीय अध्ययन विधि र वर्णनात्मक विधि अन्तर्गतका प्रतिनिधि नमुना छनोट, तथ्याङ्क सङ्कलन र विश्लेषण जस्ता विधिको प्रयोग भएको पाइन्छ भने सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमता उच्च देखाइएको छ । लैङ्गिक आधारमा छात्राहरूको चिठी लेखन क्षमता छात्रहरूको तुलनात्मक सन्तोषजनक रहेको निष्कर्ष निकालिएको छ ।

खत्री (२०६६) द्वारा **गोरखा जिल्ला कक्षा एघारमा अध्ययनरत विद्यार्थीको अनुच्छेद लेखन क्षमताको अध्ययन** शीर्षकमा अनुसन्धान भएको पाइन्छ । प्रस्तुत शोधको उद्देश्य

सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको अनुच्छेद लेखन क्षमता पत्ता लगाउनु, छात्र र छात्रा बिचमा विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता पहिचान गर्नु रहेको छ । प्रस्तुत शोधकार्यका लागि क्षेत्रीय अध्ययन विधि र वर्णनात्मक विधि अन्तर्गतका प्रतिनिधि नमुना छनोट, तथ्याङ्क सङ्कलन र विश्लेषण जस्ता विधिको प्रयोग भएको पाइन्छ भने सामुदायिक भन्दा संस्थागत विद्यालयका विद्यार्थी, छात्रभन्दा छात्राहरूको अनुच्छेद लेखन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ ।

जोशी (२०६६) द्वारा **कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन** शीर्षकमा शोधपत्र तयार पारिएको छ । प्रस्तुत शोधको उद्देश्य कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन गर्नु, सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु, लैङ्गिक आधारमा विद्यार्थीहरूको चिठी लेखन क्षमता पत्ता लगाउनु रहेको छ । प्रस्तुत शोधकार्यका लागि क्षेत्रीय अध्ययन विधि र वर्णनात्मक विधि अन्तर्गतका प्रतिनिधि नमुना छनोट, तथ्याङ्क सङ्कलन र विश्लेषण जस्ता विधिको प्रयोग भएको पाइन्छ भने सामुदायिक विद्यालयका विद्यार्थीहरूभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूमा बढी राम्रो क्षमता रहेको र समूहगत आधारमा सार्थक अन्तर देखिए पनि समग्रमा राम्रो रहेको निष्कर्ष निकालिएको छ ।

आचार्य (२०६७) द्वारा **स्याङ्जा जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन** शीर्षकमा शोधपत्र तयार भएको पाइन्छ । प्रस्तुत शोधको उद्देश्य स्याङ्जा जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको विकास गर्नु, सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूले निबन्ध लेखन क्षमताको तुलना गर्नु, पहिलो नेपाली भाषी र दोस्रो नेपाली भाषी विद्यार्थीको निबन्ध लेखन क्षमताको तुलना गर्नु रहेका छन् । प्रस्तुत शोधकार्यका लागि क्षेत्रीय अध्ययन विधि र वर्णनात्मक विधि अन्तर्गतका प्रतिनिधि नमुना छनोट, तथ्याङ्क सङ्कलन र विश्लेषण जस्ता विधिको प्रयोग भएको पाइन्छ भने सामुदायिक विद्यालयका विद्यार्थीको तुलनामा संस्थागत र दोस्रो नेपाली भाषी विद्यार्थीभन्दा पहिलो नेपाली भाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ ।

नेपाल (२०६७) द्वारा **सिन्धुपाल्चोक जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन** शीर्षकमा अनुसन्धान भएको पाइन्छ । प्रस्तुत शोधको उद्देश्य कक्षा छ पुरा गरेका विद्यार्थीहरूको निवेदन लेखन क्षमता पहिचान गर्नु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तुलनात्मक स्थिति पहिचान गर्नु, भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र नेपाली इतर भाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु, लैङ्गिक आधारमा विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु, ती विद्यार्थीहरूमा निवेदन लेखन सम्बन्धी कमी कमजोरीहरू पहिचान गरी निराकरणका उपाय सुझाउने उद्देश्य राखिएको छ । प्रस्तुत शोधका लागि क्षेत्रीय अध्ययन विधि र वर्णनात्मक विधि अन्तर्गतका प्रतिनिधि नमुना छनोट, तथ्याङ्क सङ्कलन र विश्लेषण जस्ता विधिको प्रयोग गरिएको पाइन्छ भने लैङ्गिक आधारमा छात्रभन्दा छात्रा केही मात्रामा निवेदन लेखन क्षमतामा सक्षम रहेको निष्कर्ष निकालिएको छ ।

शाही (२०६७) द्वारा **चितवन जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन** शीर्षकमा अनुसन्धान भएको पाइन्छ । प्रस्तुत शोधको उद्देश्यमा कक्षा छमा अध्ययनरत विद्यार्थीको चिठी तथा निवेदन लेखन क्षमताको पहिचान गर्नु, सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको चिठी तथा प्रतिवेदन लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु, भाषिक पृष्ठभूमिका आधारमा पहिलो भाषी नेपाली र दोस्रो भाषी विद्यार्थीहरूको चिठी तथा प्रतिवेदन लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु, लैङ्गिक आधारमा छात्र र छात्राहरूको चिठी तथा निवेदन लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु, लैङ्गिक आधारमा छात्र र छात्राहरूको चिठी तथा निवेदन लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु, ती विद्यार्थीहरूको चिठी तथा निवेदन लेखनसम्बन्धी के कस्ता कमजोरीहरू छन् पहिल्याउनु एवम् सुधारात्मक सुझावहरू दिनु रहेको छ । प्रस्तुत शोधकार्यका लागि क्षेत्रीय अध्ययन विधि र वर्णनात्मक विधि अन्तर्गतका प्रतिनिधि नमुना छनोट, तथ्याङ्क सङ्कलन र विश्लेषण जस्ता विधिको प्रयोग गरिएको छ । छात्र र छात्रा विद्यार्थीहरूको चिठी लेखन क्षमता सन्तोषजनक रहेको पुष्टि गरिएको छ भने संस्थागत विद्यालयभन्दा सामुदायिक विद्यालयको चिठी लेखन क्षमता उच्च रहेको निष्कर्ष निकालिएको छ ।

कँडेल (२०६८) द्वारा **बर्दिया जिल्लाका कक्षा आठमा अध्ययनरत थारुभाषी विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन** शीर्षकमा अनुसन्धान भएको पाइन्छ । प्रस्तुत शोधको उद्देश्यमा बर्दिया जिल्लाका कक्षा आठमा अध्ययनरत थारुभाषी विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन गर्नु, थारु भाषी विद्यार्थीहरूको विद्यालयगत र लैङ्गिक आधारमा तुलना गर्नु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरू बिच तुलना गर्नु रहेको छ । प्रस्तुत शोधका लागि क्षेत्रीय अध्ययन विधि र वर्णनात्मक विधि अन्तर्गतका प्रतिनिधि नमुना छनोट, तथ्याङ्क सङ्कलन र विश्लेषण जस्ता विधिको प्रयोग भएको पाइन्छ भने सामुदायिक विद्यालयका विद्यार्थीहरूभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूमा लेखन क्षमता बढी रहेको र समूहगत आधारमा सार्थक अन्तर देखिएको निष्कर्ष निकालिएको छ ।

लेखन सिप विकास गराउने उद्देश्यले यी माथि उल्लेखित विभिन्न शीर्षकमा अनुसन्धानहरू भए तापनि हालसम्म विद्यालय तहका कुनै पनि कक्षाका विद्यार्थीहरूको लेखन क्षमताको अध्ययनका क्रममा निमन्त्रणा पत्र लेखन क्षमताको अध्ययन, व्यक्तिगत तथा संस्थागत रूपमा गरिएको पाइएन । विद्यालय तहमा (प्राथमिक/आधारभूत तह र माध्यमिक तह) मा लेखन क्षमता खासगरी व्यावहारिक लेखन क्षमता विकास गर्ने प्रयोजनले यस विधालाई पाठ्यक्रम र पाठ्यपुस्तकमा समावेश गरिएकोले मैले यस अनुसन्धानका लागि निमन्त्रणा लेखन क्षमताको अध्ययन शीर्षक अनुसन्धानका लागि उपयुक्त हुने ठानी अध्ययन कार्य अगाडि बढाउन जमर्को गरेको छु ।

# अध्याय तिन

# सैद्धान्तिक अवधारणा

## ३.१ विषय परिचय

भाषा विचार विनिमयको साधन हो । मानव विकाससँग भाषाको पनि क्रमिक रूपमा विकास भएको पाइन्छ । सुरुमा उच्चार्य वा कथ्य भाषाका रूपमा रहेको भाषा नै पछि आएर लिपिबद्ध हुन थालेको हो । समाजको विकाससँगै भाषाको पनि विकास हुँदै आयो र क्रमशः स्तरीयता प्राप्त गर्न थाल्यो ।

बोलेर विचार अभिव्यक्ति गर्न नसकिने अवस्थामा लेखेर नै विचारको आदान प्रदान गरिन्छ । लिखित रूपमा आफ्ना विचारहरू संगठित गर्न लेखाइ सिपसँग सम्बन्धित छ । कुनै पनि कुरा व्यक्त गर्न नसक्ने व्यक्तिका लागि पनि लेखाइ सिपको अत्यन्तै आवश्यक रहन्छ । त्यस्तै व्यक्तिले आफूले अनुभव गरेका र ज्ञान गरेका कुराहरूलाई अरू समक्ष प्रस्तुत गर्न ती कुराहरूलाई अरू समक्ष प्रस्तुत गर्न ती कुरालाई साँचि राख्न र भविष्यमा आफू र अरूका लागि समेत उपयोगी बनाउन लेखन कलाले मद्दत गर्दछ (शर्मा र पौडेल, २०६० : १२२) । त्यतिका बेला मोकाका आफ्ना कुरा दूर देशमा रहेका आफन्तहरूमा पुऱ्याउन, कतिपय कुराहरू लेखेर पछिसम्म सञ्चित गर्न, लेखेर  गर्नुपर्ने कतिपय व्यवहारिक कार्य सम्पन्न गर्न सिर्जनात्मक प्रतिभाको विकास गर्न लेखाइ सिपको विशेष खाँचो पर्छ (अधिकारी र शर्मा, २०६२ : ९२) ।

सिर्जनात्मक अभ्यासका लागि र सामान्य व्यक्तिगत कार्य सम्पादन गर्नका लागि लेखाइको आवश्यकता पर्ने हुनाले औपचारिक शिक्षणले मात्र सम्भव नहुने भएकोले बालकलाई दक्ष बनाउन लेखाइ शिक्षणको आवश्यकता पर्दछ । मौखिक अभिव्यक्ति भन्दा लिखित कुराहरू स्थायी किसिमको हुन्छ । कुनै कुरालाई स्थायी रूपमा ऐतिहासिक बनाई राख्नुपर्ने भएका लेखाइ शिक्षण आवश्यक हुन्छ । लेखाइ सिप विकासको लागि एक महत्त्वपूर्ण विधा निमन्त्रणा पनि हो । यस विधाको स्थान अन्य विधाका तुलनामा कम छैन ।

निमन्त्रणा लेखाइ सिप विकासमा सहयोग पुऱ्याउने लेख्य विधा हो । मानव समाजमा पास्नी, व्रतबन्ध, विवाह, वार्षिकोत्सव, भोज, सभा, समारोह, गोष्ठी, सेमिनार, उद्‌घाटन, पूजा, आदिका अवसरमा निम्तो दिनका लागि लेखिने पत्र नै निमन्त्रणा पत्र हो । यसको

स्वरूप विभिन्न किसिमको हुन्छ । समय परिस्थिति अनुसार यसको भाषा पनि अलिक फरक हुन्छ । निमन्त्रणा जुनसुकै किसिमको भए पनि त्यसमा प्रयुक्त भाषा सङ्क्षिप्त, शिष्ट, सभ्य, सुस्पष्ट र सुमधुर हुनुपर्छ । निमन्त्रणा पत्रको रचना चिठी र निबन्धभन्दा अलिक फरक तरिकाबाट गरिन्छ । प्राथमिक शिक्षाको अन्त्यमा हाँसिल हुने सिकाइ उपलब्धिअन्तर्गत भाषिक सिपमा लेखाइलाई पनि महत्त्वपूर्ण स्थान दिइएको पाइन्छ । लेखाइ सिपको उपलब्धिमा उल्लेख भएबमोजिम प्राथमिक तहदेखि नै स्वतन्त्र रूपमा छोटा रचना (अनुच्छेद, चिठी, निवेदन, प्रबन्ध र निमन्त्रणा पत्र) गर्ने विद्यार्थी सक्षम हुन्छन् । त्यसैगरी निम्न माध्यमिक तहमा लेखाइ सिपअन्तर्गत सिलसिला मिलाइ लेख्न सक्छन् भन्ने उद्देश्य राखिएको छ । सम्पूर्ण तहको पाठ्यक्रममा निमन्त्रणा विधालाई छुट्टै अङ्क प्रदान गरी समावेश गरिएको छ । यस प्रकार सम्पूर्ण तहको पाठ्यक्रममा निमन्त्रणापत्र विधालाई समावेश गरिएको छ । यसले निमन्त्रणापत्र लेखनको महत्त्व नेपाली भाषाअन्तर्गत सधैं अपरिहार्य रहिरहने अध्येताको ठहर छ ।

पढ्न जान्ने व्यक्तिले मात्र निमन्त्रणा पत्र लेख्न सक्छ भन्ने होइन, जसले बढी अभ्यास गर्छ, उसले अवश्य लेख्न सक्छ । निमन्त्रणा लेखनका आवश्यकीय कुराहरू सम्बोधन सूचक नाम, उपस्थितिका लागि अनुरोध, कार्यक्रमबारे जानकारी, कार्यक्रम हुने मिति, समय र स्थान, आयोजक दर्शनाभिलाषी, प्राथीको नाम उल्लेख गर्नु पर्ने हुन्छ । यी कुराहरूलाई निमन्त्रणा लेख्ने व्यक्तिले ख्याल नगरी निमन्त्रणा लेखेमा आफूले कस्तो शुभकार्य कुन समय, स्थानमा गर्न खोजेको हो, कहाँ निमन्त्रणा गर्न खोजेको हो, कस कसलाई निमन्त्रणा गरिएको हो भन्ने कुरा सम्बन्धित व्यक्तिले बुझ्न सक्दैन । त्यसकारण सम्बन्धित व्यक्तिले आवश्यकीय कुरा ख्याल गर्नु पर्छ ।

निमन्त्रणा लेख्य विधासँग सम्बन्धित विधा हो । यसबाट विद्यार्थीहरूमा लेखाइ सिपको विकासमा मद्दत पुग्दछ । निमन्त्रणा लेखनको कार्य प्राचीन समयदेखि नै घरमा जुनसुकै शुभकार्य गर्न लागेको बेलामा आफ्ना आफन्त, मान्यजन, इष्टमित्र टाढा टाढा रहनु भएका आफन्तहरूलाई सो शुभ कार्यक्रममा उपस्थितिको लागि निमन्त्रणा पत्र लेखेर पठाउने परम्परा थियो । निमन्त्रणालाई सञ्चारको साधनको रूपमा पनि लिन सकिन्छ । वर्तमान समयमा निमन्त्रणा पत्र बाहेकका सञ्चारका आधुनिक उपकरण प्रयोगमा आए तापनि निमन्त्रणा पत्रको पनि आफ्नै किसिमको महत्त्व रहेको पाइन्छ । अझ खासगरी विवाह,

व्रतबन्ध, पास्नी, छेवरमा आफन्त जनलाई निम्तो गर्ने प्रयोजनका लागि निमन्त्रणा पत्रको स्थान सर्वोत्कृष्ट रहेको पाइन्छ । निमन्त्रणा पत्रलाई यस प्रकार विभाजन गर्न सकिन्छ :

## ३.२ निमन्त्रणाका प्रकार

निमन्त्रणा कुनै पनि अवसरमा उपस्थितिको लागि गरिने अनुरोध वा आमन्त्रणा हो । ठेट नेपाली भाषामा यसलाई निम्तो भन्ने गरिन्छ । केही समय अगाडि विवाह, व्रतबन्ध, पूजाआजा जस्ता धार्मिक अवसरमा सुपारी दिएर निम्तो गर्ने चलन थियो तर समाजको परिवर्तनसँगै सुपारी बाड्ने प्रचलन गराउँदै गएको पाइन्छ । ज्ञानविज्ञानको चमत्कारले निमन्त्रणा जस्तो पवित्र कार्यमा समेत परिवर्तन गराई इमेल, इन्टरनेट, टेलिफोन जस्ता अत्याधुनिक सञ्चारका साधनका माध्यमबाट निमन्त्रणा गर्ने प्रचलन बढ्दै गएको तथ्य स्पष्टै छ । फलस्वरूप अति महङ्गा स्वर्णिम अक्षरले लेखिएका कार्डहरूको प्रयोगमा होडबाजी चलेको देख्न सकिन्छ । निमन्त्रणाका प्रकारहरू पनि धेरै छन् त्यसमा विवाह, व्रतबन्ध, पास्नी, वार्षिकोत्सव, भोज, सभा, समारोह, गोष्ठी, सेमिनार, उद्घाटन, पूजा आदि विभिन्न कार्यक्रमको आयोजना गरी आफ्ना आफन्त तथा मान्यजनलाई उक्त शुभ अवसरमा निम्तो गर्नका लागि निमन्त्रणा पत्र लेख्ने गरिन्छ जसलाई निम्न अनुसार उल्लेख गरिएको छ :

### (क) विवाहको निमन्त्रणा पत्र

शुभ विवाहको अवसरमा आफ्ना सम्पूर्ण बन्धु बान्धव, आफन्त, इष्टमित्र, छरछिमेकका मानिसहरूको उपस्थिति र शुभविवाह सफल रूपमा सम्पन्न गराउनलाई उपस्थितिका लागि निम्ता दिएर कुन स्थान, समयमा उपस्थितिको लागि निम्ता दिएर कुन स्थान, समयमा उपस्थितिको लागि बोलाइएको हो सो कुरा स्पष्ट रूपमा उल्लेख गरी विवाहको निमन्त्रणा पत्र तयार गरिन्छ । विवाहको निमन्त्रणा पनि २ किसिमको हुन्छ छोराको विवाहको निमन्त्रणा पत्र हो भने जन्ति जान, प्रितिभोजमा उपस्थित होइदिनका लागि उमय र स्थान लेखिएको हुन्छ भने छोरीको विवाहको निमन्त्रणा पत्रमा जन्ती पसेनको लागि समय र स्थान प्राथी आदि उल्लेख गरी निमन्त्रणा गर्ने गरिन्छ । खासगरी निमन्त्रणा पत्रमा अनिवार्य उपस्थितिको लागि समय, स्थान र शुभकार्यको प्रकृति उल्लेख गरी निमन्त्रणा पत्र लेख्ने गरिन्छ ।

**(ख) ब्रतबन्धको निमन्त्रणा पत्र**

छोराको ब्रतबन्धको आयोजना गरी आफ्ना आफन्तजन इष्टमित्र, साथीभाइ, नातेदार, शुभचिन्तक आदिलाई उक्त उपनयन कार्यक्रममा उपस्थितिका लागि लेखिने पत्रलाई ब्रतवन्धको निमन्त्राणा पत्र भन्ने बुझिन्छ । यसमा ब्रतबन्धको समय, मिति र स्थान र आयोजकको नाम लेख्नुपर्ने हुन्छ ।

**(ग) पास्नीको निमन्त्रणा पत्र**

बच्चा भएको छ महिना पछि वच्चालाई भात खुवाउने गरिन्छ । वच्चालाई भात खुवाउनका लागि घरमा आफन्तजन, छरछिमेक, इष्टमित्र, नातागोतालाई आमन्त्रण गरी उक्त पास्नी कार्यक्रमको शोभा बढाइदिन हुनका लागि निम्ता गर्नका निमन्त्रणा पत्र लेखिन्छ । यस्तो निमन्त्रणा पत्रमा मिति, स्थान, समय आदि उल्लेख गरिन्छ साथै कसको पास्नी  गर्न लागेको हो सो कुरा पनि उल्लेख गरी निमन्त्रणा पत्र लेख्ने गरिन्छ ।

**(घ) वार्षिकोत्सवको निमन्त्रणा पत्र**

कुनै पनि संघ संस्थाले आफ्नो स्थापना भएको वर्ष दिन पुगेपछि उक्त वर्षदिनको पुगेको उपलक्ष्यमा मनाउने कार्यक्रममा संस्थाका सदस्यहरू सहित उक्त संस्थासँग सम्बन्धित सम्पूर्ण सरोकारवाला व्यक्तिहरूको उपस्थितिको लागि लेखिएको पत्रलाई वाषिृकोत्सव सम्बन्धित निमन्त्रणा पत्र भनिन्छ । यस्तो निमन्त्रणा पत्रमा कार्यक्रमहरू मिति स्थान र समय उल्लेख गरिएको हुन्छ भने कुन संस्थाको वार्षिक उत्सर्व भनाउने हो सो पनि निमन्त्रणा पत्रमा उल्लेख गरिन्छ ।

**(ङ) भोज सम्बन्धी निमन्त्रणा पत्र**

कुनै पनि व्यक्तिले आफूले विभिन्न क्षेत्रमा पदन्नति वा पद स्थापना गरेको खुसियालीमा आफ्ना आफन्तजन, मान्यजन तथा इष्टमित्र बन्धु वान्धव भेला भइ खुसी साटासाट गर्ने आयोजना गरिएको कार्यक्रममा उपस्थित भइदिनको लागि लेखिने निमन्त्रणा पत्रलाई भोजमा उपस्थिति हुने सम्बन्धी निमन्त्रणा पत्र भनिन्छ । यस्तो निमन्त्रणा पत्रमा भोजको आयोजना कहिले कुन समयमा कहाँ कसले के उपलक्ष्यमा गर्न लागेको हो सम्पूर्ण विवरण उल्लेख गरी लेख्ने गरिन्छ ।

### (च) सभा समारोहको निमन्त्रणा पत्र

कुनै पनि विषयमा राजनैतिक, शैक्षिक, गाउँस्तरीय वा जिल्ला स्तरीय कार्यक्रमको आयोजना गरी उक्त सभा समारोहमा सरोकारवाला व्यक्तिहरू वा लगानी कर्ताहरूलाई उक्त कार्यक्रममा अनिवार्य उपस्थिति भई उक्त सभा समारोहमा भाग लिइ उक्त कार्यक्रम प्रति लागेका जिज्ञासा सोधी सभा समारोहको शोभा बढाइ दिन अनिवार्य उपस्थिति लेखिने पत्रलाई सभा समारोहको निमन्त्रणा पत्र भनिन्छ । यसमा सभा समारोह आयोजना गर्ने त्यति वा संस्थाको नाम, उपस्थित हुनुपर्ने स्थान, मिति, समय उल्लेख गरिएको हुन्छ ।

### (छ) गोष्ठीको निमन्त्रणापत्र

कुनै पनि सरकारी वा गैरसरकारी निकायले कुनै पनि विषय वस्तुमा आफ्ना कर्मचारी वा लगानीकर्तालाई अझ त्यस क्षेत्रमा दृढ भई लाग्न, हौसला प्रदान गर्न कर्मचारीले छलफलको माध्यमबाट आफ्नो सुझाव व्यक्त गर्ने र कार्यक्रमको तर्जुमा गर्ने एक प्रकारको औपचारिक कार्यक्रम हो । यसमा गोष्ठी कहाँ सञ्चालन हुने स्थान, समय, विषय, मिति र आयोजकको नाम आदि उल्लेख गरिएको हुन्छ ।

### (ज) सेमिनार सम्बन्धी निमन्त्रणा पत्र

कुनै पनि विषयसँग सम्बन्धित समस्यामा केन्द्रित रहेर त्यो समस्यालाई के कसरी समाधान गर्न सकिन्छ भनेर बृहत् छलफल गरी उक्त स मस्या समाधानमा केन्द्रित रहनका लागि विभिन्न क्षेत्रका व्यक्तिहरूलाई आमन्त्रण गर्नका लागि लेखिने पत्रलाई सेमिनार सम्बन्धी निमन्त्रणा पत्र भनिन्छ । यसमा विषय, समय, स्थान, मिति आयोजकको नाम आदि उल्लेख गरिएको हुन्छ ।

### (झ) उद्घाटन सम्बन्धी निमन्त्रणा पत्र

कुनै पनि दातृ संस्थाद्वारा अनुदान प्रदान गरी विभिन्न किसिमका कार्यक्रमको आयोजना गरी आयोजकहरूमध्येबाट प्रमुख अतिथिद्वारा कार्यक्रमको उद्घाटन गर्ने गरिन्छ । कार्यक्रमलाई शोभा बढाइदिन हुनका लागि आयोजकले विशिष्ट व्यक्तिहरूलाई आमन्त्रण गर्नका लागि लेखिने निमन्त्रणा पत्रलाई उद्घाटन सम्बन्धी निमन्त्रण पत्र भनिन्छ । यसमा कार्यक्रम उद्घाटन हुने मिति, स्थान, समय आदि उल्लेख गरिएको हुन्छ ।

(ञ) **पूजा सम्बन्धी निमन्त्रणा पत्र**

व्यक्तिले घरमा विभिन्न अवसरमा पूजाको आयोजना गरी आफ्ना आफन्तजन, घरछिमेकी, इष्टमित्र र टाढा रहेका साथीभाइलाई उक्त पूजामा आमन्त्रण गर्नका लागि लेखिने निमन्त्रणा पत्रलाई पूजा सम्बन्धी निमन्त्रणा पत्र भनिन्छ । यसमा पुजा हुने स्थान, समय, मिति र पुजा आयोजना गर्ने व्यक्तिहरूको नाम समेत उल्लेख गरिएको हुन्छ । यसरी विभिन्न किसिमका शुभकार्यको आयोजना गरी उक्त शुभकार्यमा उपस्थिति भइ कार्यक्रमको सोभा बढाइदिनु हुन अनुरोध गरी लेखिएको आमन्त्रण पत्रलाई नै निमन्त्रणा पत्र भनिन्छ । निमन्त्रणा पत्र लेखन गर्दा निम्न कुराहरूमा ध्यान दिनुपर्ने हुन्छ जसलाई निम्न अनुसार उल्लेख गरिन्छ :

- निमन्त्रणा पत्रको आरम्भ श्रीमान्/श्रीमति/सुश्री/मानवीय आदि सम्बोधनसूचक शब्दबाट गरेर सम्बन्धित व्यक्तिको नाम लेख्नुपर्छ ।
- दोस्रो क्रममा विषयवस्तुको जानकारी गराएर सम्बन्धित व्यक्तिलाई उपस्थिति भइ दिन अनुरोध गर्नुपर्छ ।
- तेस्रो क्रममा कार्यक्रमका बारेमा जानकारी दिनुपर्छ ।
- चौथो क्रममा कार्यक्रम हुने मिति, समय र स्थानको उल्लेख गर्नुपर्छ ।
- अन्त्यमा आयोजक, दर्शनाभिलाषी, प्रार्थी आदिमध्ये यथोचित कुनै एक शब्दको प्रयोग गरी निम्तो दिने व्यक्ति, संस्था वा समितिको नाम उल्लेख गर्नुपर्छ ।

## ३.३ लेखाइ सिपको विकासमा निमन्त्रणापत्र लेखनको स्थान

विचार विनिमयको माध्यमहरूमा लेखाइलाई महत्त्ववपूर्ण मानिन्छ । कथ्यभेदको सापेक्षतामा लेख्य भेदको महत्त्व अत्यन्ध उच्च रहेको पाइन्छ । बोलेको कुरा चिरस्थायी रहन सक्दैन । ती बोलेका कुरालाई पछिसम्म राखिराख्न लेखाइबाट नै सम्भव हुन्छ । आफूले अनुभव तथा ज्ञान गरेका कुराहरू पछिसम्म सम्फनका लागि सञ्चित गर्न र भविष्यमा आफ्ना लागि समेत उपयोगी बनाउन लेखन कलालाई प्रयोगमा ल्याउन सकिन्छ । त्यसैले लेखाइको महत्त्व व्यक्तिगत जीवनमा पनि अति आवश्यक छ । त्यसका साथै लेखेका कुरा अरू समक्ष पुऱ्याउने कार्य लेखाइबाट मात्र सम्भव हुन्छ । त्यसैगरी व्यक्तिगत रूपमा मात्र

फाइदा नभई समाज र राष्ट्रलाई समेत फाइदा पुग्ने भएकाले यसको महत्त्वपूर्ण स्थान रहेको हो । वक्ताले भनेका कुरा तत्कालीन समयमा सुन्ने श्रोताको अभाव रहेको खण्डमा पनि लेखाइबाट सुरक्षित बनाई आवश्यकता अनुसार त्यसलाई प्रयोगमा ल्याउन सकिन्छ । लेखाइ व्यावसायिक कार्यकलाप पनि हो । सामान्य घरायसी व्यवहार चलाउनु पर्दा पनि लेखाइ आवश्यक ठानिन्छ । व्यावहारिक दृष्टिले चिठी, निवेदन, निमन्त्रणा, टिपोट आदि लेखनका कार्यकलापहरू आजको समाजमा जुनसुकै सामान्य शिक्षित व्यक्तिका लागि अपरिहार्य मानिन्छ । निमन्त्रणा लेखनले औपचारिक व्यवहारको काम गर्ने हुनाले कुनै व्यक्तिद्वारा पढाइएको मौखिक खबरले भन्दा बढी प्रभावित पर्न सक्छ । त्यसैले मानिसहरू कुनै व्यक्तिलाई मौखिक खबर पठाएर भन्दा पनि निमन्त्रणा पत्र लेखेर शुभ कार्यको आयोजना गर्दा आफन्तजन, इष्टमित्र, छरछिमेकमा आमन्त्रण गर्ने गर्दछन् । निमन्त्रणा पत्र लेखेर शुभ कार्य आयोजना गर्दा आफन्त जनलाई आमन्त्रण गर्ने गरिन्छ ।

निमन्त्रणा पत्र लेखन सिपको महत्त्वपूर्ण कार्यकलाप हो । यसबाट स्वतन्त्र, निर्देशित र सिर्जनात्मक लेखाइका अभ्यासहरू गराउन सकिन्छ । प्राथमिक, निम्न माध्यमिक, माध्यमिक एवम् उच्च माध्यमिक र विश्व विद्यालयमा पनि निमन्त्रणा पत्र लेखन महत्त्वपूर्ण कार्यकलाप मान्न सकिन्छ । लेखाइमा वर्ण विन्यासगत, व्याकरणगत, शब्द भण्डारगत, चिन्ह प्रयोजन, वाक्यगठन, विषय वस्तुगतको आदि, मध्ये र अन्त्यका प्रस्तुतीकरण तथा लेखाइ सम्बन्धी धारणात्मक प्रयोगात्मक एवम् संज्ञानात्मक सिप विकास गराउन निमन्त्रणा पत्र लेखनको स्थान महत्त्वपूर्ण हुन्छ ।

## ३.४ लेखाइ सिप र निमन्त्रणा लेखन

कुनै पनि कुरालाई लिपिबद्ध रूपमा तयार गर्नुलाई लिखित अभिव्यक्ति भनिन्छ । “कुनै पनि कुरा लेखेर अभिव्यक्ति गर्ने माध्यमलाई लिखित अभिव्यक्ति भनिन्छ” (लम्साल र अन्य, २०६६ : १४२) । यसलाई अर्को शब्दमा लेखाइ सिप पनि भनिन्छ । भाषाका दुई रूप हुन्छन् : लिखित र मौखिक । मनका अन्तरभावनाहरूलाई ध्वन्यात्मक सङ्केतका माध्यमले अभिव्यक्त गर्दा मौखिक भाषा र ध्वन्यात्मक सङ्केतलाई लिपिको उपयोग गरेर अभिव्यक्त गर्दा लिखित भाषा तयार हुन्छ ।भाषाका चार सिपहरू (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) सँग भाषा पाठ्यक्रम तथा पाठ्यपुस्तक केन्द्रित रहन्छन् । यी चार सिपहरूमध्ये सुनाइ र पढाइ

बोध वा आदानात्मक प्रकृतिका भाषिक सिप हुन् भने बोलाइ र लेखाइ अभिव्यक्तिमूलक वा प्रदानात्मक प्रकृतिका भाषिक सिप हुन् । आफ्ना मस्तिष्कभित्र रहेका भाव वा विचारलाई लिपि चिह्नहरूका प्रयोगद्वारा सिलसिला मिलाइ व्यक्त गर्ने प्रक्रियालाई लेखाइ भनिन्छ । लिपि,चिह्न, लेख्ने योग्यता, हिज्जेको सही जानकारी तथा आफ्नो विचार अभिव्यक्ति गर्ने क्षमताको विकास गर्न लेखाइ सिप उपयोगी हुन्छ । विद्यार्थीहरूमा लेख्ने सिप विकास गराउन चित्र, वर्णन, अनुलेखन, श्रुतिलेखन, चिठीलेखन, भाव व्याख्या, कथा लेखन, कविता लेखन, अनुच्छेद लेखन, प्रतिवेदन लेखन, निमन्त्रणा लेखन, निबन्ध लेखन जस्ता लेखन कलासँग सम्बन्धित क्रियाकलाप गराइन्छ । भाषिक संरचना तथा शब्दभण्डारका ज्ञान हुनु लेखाइ सिप विकास गर्ने महत्त्वपूर्ण कुरा हो ।

लेखाइ सिप एउटा व्यावहारिक कार्यकलाप पनि हो । चिठी निवेदन, टिपोट, प्रश्नोत्तर आदि व्यावहारिक लेखनसम्बन्धी कार्यकलापहरू आज जुनसुकै समाजमा सामान्य शिक्षित व्यक्तिका लागि अपरिहार्य भइसकेको छ । व्यवहारमा अभिव्यक्तिभन्दा लिखितमा नै बढी विश्वास गर्ने प्रवृत्ति पनि छ । साथै जुनसुकै औपचारिकताका लागि पनि लेखाइको नै बढी आवश्यकता पर्छ । तसर्थ लेखनकला शिक्षण सिकाइको मात्र नभई व्यावहारिक जीवनको पनि अभिन्न अङ्ग हो ।

## ३.५ अभिव्यक्ति सिपको विकासमा निमन्त्रणा लेखनको भूमिका

भाषिक सिपमा निपूर्ण हुनु भनेको भाषाका चार सिपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइमा निपूर्ण हुनु हो । सुनाइ र पढाइबाट व्यक्तिले आफूमा ज्ञान ग्रहण गर्दछ भने बोलाइ र लेखाइको माध्यमबाट ज्ञान अरूमा सञ्चित गर्दछ । बोलाइ र लेखाइ सिपलाई अभिव्यक्ति सिप भन्ने गरिन्छ । आफूले अनुभव गरेका कुराहरू बाहिर अभिव्यक्ति गर्नु भनेको निपूर्णता बन्नु हो । "भाषा ऐच्छिक किसिमले उत्पादित प्रतीकहरूद्वारा विचार, आवेग र इच्छा सम्प्रेषण गर्ने प्राथमिक मानवीय र असहज प्रविधि हो" (सियर : भाषा विज्ञान, २०३७ : २) ।

वास्तवमा लेखाइले सम्प्रेषणको वृहत्तर अवसर उपलब्ध गराउँछ । लेखाइ अनुभव, भावना र ज्ञानले अभिव्यक्त गर्ने माध्यम मात्र नभई ती अनुभव, भावना र ज्ञानको प्रचार प्रसार एवम् सम्भार गर्ने माध्यम पनि हो भन्न उपयुक्त हुन्छ । खास व्यक्तिहरूमा आफ्नो विचार एवम् भावना पुऱ्याउनु नै लेखाइको लक्ष्य हुन्छ । स्रोत एवम् सम्बोध्य व्यक्ति वक्ताको

सामु नभएको अवस्थामा पनि लेखाइको आवश्यकता पर्दछ । आफूले पाएको सामाजिक सांस्कृतिक आदिपक्षका ज्ञान गुणको विवरण प्रत्यक्ष-अप्रत्यक्ष ढङ्गले प्रस्तुत गर्नमा लेखाइले प्रशस्त सहयोग पुऱ्याएको पाइन्छ ।

निमन्त्रणा लेखनकलाको महत्त्वपूर्ण क्रियाकलाप हो । हेर्दा आकारमा सानो र सङ्क्षिप्त भएपनि यसमा प्रयोग हुने शब्द अत्यन्तै सभ्य, शिष्ट र विनम्र किसिमको हुने गर्दछ । विद्यार्थीहरूलाई स्वतन्त्र र निर्देशित दुबै किसिमबाट अभ्यास गराउन सकिन्छ । प्राथमिक, निम्नमाध्यमिक, माध्यमिक, उच्च माध्यमिक र विश्वविद्यालयका तहसम्म पनि निमन्त्रणा लेखाइलाई समावेश गरिएको छ । यसबाट पनि लेखन कलाको क्षमता बढाउन निमन्त्रणा लेखन उत्कृष्ट कार्यकलाप भएको मान्न सकिन्छ । वर्णविन्यास, व्याकरण, शब्दभण्डार, चिह्नको प्रयोग, वाक्य गठन, विषयवस्तुको आदि, मध्य र अन्त्यको प्रस्तुतिकरण जस्ता लेखाइसम्बनधी धारणात्मक, प्रयोगात्मक, संज्ञानात्मक सिप तथा अभिव्यक्ति सिप विकास गराउन निमन्त्रणा लेखन प्रक्रियाले पृष्ठपोषण प्रदान गर्दछ ।

## ३.६ उच्च माध्यमिक तहमा निमन्त्रणा शिक्षणको प्रयोजन

निमन्त्रणा, वैवाहिक, व्रतवन्ध, सभा, सम्मेलन, उत्सव, पुजाआजा लगायतका विभिन्न शुभकार्यहरूमा लेखिने निमन्त्रणा भिन्नाभिन्नै प्रकारले लेख्ने गरिन्छ । विद्यार्थीहरूलाई घर व्यवहारका सन्दर्भमा प्रयोग गरिने घरायसी निन्त्रणा सिकाइन्छ । यस प्रकारका निमन्त्रणामा व्यक्तिगत कुराको प्रधानता रहन्छ । कार्यालयीय निमन्त्रणा निवेदन जस्तै हुन्छ । यस प्रकारको निमन्त्रणा लेखन गराउँदा निवेदनकै ढाँचा अनुसार लेख्न सिकाइन्छ भने औपचारिक प्रकारको हुने भएकाले यसमा विशेष शिष्टता र सावधानी अपनाउनु पर्ने हुन्छ । सामूहिक निमन्त्रणाको प्रयोजन एउटा समूहले अर्को समूहलाई उपस्थितिको लागि अनुरोध गर्दै लेख्न सिकाउनु हो । वैवाहिक कार्यमा लेखिने निमन्त्रणासम्बन्धी वर र वधु पक्षले आफ्ना आफन्त, नाता गोता, छरछिमेक लगायतका मान्यजनहरूलाई उपस्थिति भई वर वधुलाई आशिर्वाद दिनका लागि उपस्थित हुन अनुरोध गर्दै लेख्न लगाइन्छ । त्यसैगरी सभा समारोहहरूमा उपस्थित भई कार्यक्रमको शोभा बढाइ दिन अनुरोध गरी लेख्न लगाइन्छ । यसबाट विद्यार्थीहरूमासामाजिक, सांस्कृतिक, रीतिरिवाजका बारेमा थप जानकारी प्राप्त हुने अवसर मिल्दछ । यसरी यी विविध निमन्त्रणा लेखन शैलीसँग विद्यार्थीहरूलाई परिचित

गराउन र सोहीअनुसार निमन्त्रणा लेखनमा दक्ष लेखन शैलीसँग विद्यार्थीहरूलाई परिचित गराउन र सोही अनुसार निमन्त्रणामा दक्ष बनाउनका लागि निमन्त्रणालाई पाठ्यपुस्तकमा समावेश गर्नु प्रमुख उद्देश्य हुन जान्छ ।

निमन्त्रणा लेखनको मुख्य उद्देश्य स्वतन्त्र र निर्देशित रूपमा लेखनसिप हासिल गर्नु हो । अति विशिष्ट र शुभ अवसरमा आवश्यकीय सम्बोध्य निकट पोख्न प्रयोग गरिने लिखित अभिव्यक्ति नै निमन्त्रणा हो । शुभ विवाहको अवसरमा आफ्ना सम्पूर्ण बन्धु वान्धव, आफन्त, इष्टमित्र, छरछिमेकका मानिसहरूको उपस्थिति र शुभविवाह सफल रूपमा सम्पन्न गराउनलाई उपस्थितिका लागि निम्ता दिएर कुन स्थान, समयमा उपस्थितिको लागि निम्ता दिइए कुन स्थान, समयमा उपस्थितिको लागि बोलाइएको हो सो कुरा स्पष्ट रूपमा उल्लेख गरी विवाहको निमन्त्रणा पत्र तयार गरिन्छ । निमन्त्रणा लेखन अन्य पत्र रचनाहरूभन्दा पुरानो ऐतिहासिक सम्बन्ध भएको, व्यावहारिक, प्रायोगिक तथा बौद्धिक अभिव्यक्ति हो । निमन्त्रणा लेखनलाई भाषा तथा लेखन सिपका दृष्टिले विविध उद्देश्यका लागि उपयोग गर्न सकिन्छ । खास गरी अभिव्यक्ति तथा लेखन क्षमता अभिवृद्धि नै यसको शिक्षणको मुख्य प्रयोजन हो । व्यवहारिक लेखनमध्ये निमन्त्रणा लेखन शिक्षणको प्रयोजन लेखाइ सिपको सुनिश्चित विकास गर्नु हो भने विद्यार्थीहरूलाई स्वतन्त्र तथा सिर्जनात्मक लेखनको सुसंगठित रूपमा पहिचान र अवलम्बन गर्न सिकाउनु रहेको छ । त्यसैगरी निमन्त्रणा लेखन शिक्षणबाट विद्यार्थीहरूमा शिष्ट, सभ्य र विनम्र भाषाको प्रयोग गरी स्पष्ट र शुद्ध रूपमा लेख्य अभिव्यक्तिको विकास हुन जान्छ । विभिन्न संघसंस्था तथा कार्यालयमा आफ्नो विद्यालयको कार्यक्रमका बारेमा आमन्त्रण गर्न सक्ने क्षमताको विकास हुन जान्छ । त्यसैगरी निमन्त्रणा लेखन शिक्षणबाट विद्यार्थीहरूमा शिष्ट, सभ्य र सरल तरिकाले विशेष सावधानी अपनाउँदै लेख्य रूपमा प्रस्तुत गर्न सक्ने क्षमताको विकास हुन्छ ।

## ३.७ उच्च माध्यमिक तहमा निमन्त्रणा लेखन र शिक्षण क्रियाकलाप

विद्यालय तहका वर्तमान पाठ्यक्रममा प्रारम्भिक तहदेखि नै व्यावहारिक लेखन विधालाई समावेश गरिएको पाइन्छ । यसको मुख्य ध्येय लेखाइसँग सम्बन्धित सिर्जनात्मक क्षमता विकास गराउँदै भाषाको मानक रूपसँग परिचित गराउनु हो । उच्च माध्यमिक

तहमा वर्तमान पाठ्यक्रममा स्वतन्त्र र छोटा रचनाहरूअन्तर्गत अर्थात् पत्र रचनाअन्तर्गत निमन्त्रणालाई समेटिएको पाइन्छ ।

उच्च माध्यमिक पाठ्यक्रममा साधारण र विशिष्ट दुबै खालका उद्देश्यहरू उल्लेख गरिएको छ । विशिष्ट उद्देश्यहरू कक्षागत रूपमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ गरी भाषाका चारवटै भाषिक सिप विकासका आधारमा समावेश गरिएको प्रारम्भिक तहदेखि नै अनिवार्य रूपमा अध्यापन हुँदै आएको यस विषयको शिक्षण प्रभावकारी एवम् व्यवहारिक हुनुपर्दछ । परम्परादेखि नै नेपाली भाषा सम्पूर्ण नेपालीको साझा भाषा रहेको र हाल सरकारी कामकाज तथा सम्पर्क भाषाको रूपमा रहेको हुँदा यसका लागि उपयुक्त पाठ्यक्रम एवम् पाठ्यसामग्री हुनुपर्दछ भन्ने कुरामा कसैको दुईमत छैन ।

उच्च माध्यमिक तहमा नेपाली भाषा शिक्षणको मूल लक्ष्य भाषिक दक्षता अभिवृद्धि गर्नुका साथै अन्य विषय पठनपाठनको माध्यमलाई सहयोग गरी बोध र अभिव्यक्ति पक्षको विकास गर्नु रहेको छ (उच्च माध्यमिक शिक्षा पाठ्यक्रम, २०६७) । यसरी हेर्दा यस पाठ्यक्रमले नेपाली भाषाको शिक्षणका पछाडि भाषिक दक्षता हासिल गराउनु प्रमुख लक्ष्य राखेको देखिन्छ ।

त्यसैगरी व्यावहारिक लेखन विधाको प्रमुख प्रयोजन विद्यार्थीहरूमा स-साना रचनाहरू सिलसिला मिलाइ लेख्ने क्षमताको विकास गर्नु हो । चरणको शिक्षणका क्रममा निर्दिष्ट पाठको उपयोग गर्नुका साथै खास विषयमा शीर्षक दिइ निर्देशित र स्वतन्त्र रूपमा निमन्त्रणा लेखनको अभ्यास गराउनु आवश्यक छ ।

## अध्याय चार

# शोधविधि तथा अध्ययन प्रक्रिया

वास्तवमा विधि एउटा योजना हो । जसले अध्ययनलाई कसरी पुरा गर्न सकिन्छ भनी मार्ग दर्शन गर्दछ । जुनसुकै कार्य गर्न पनि विधिको आवश्यकता पर्दछ । कुनै पनि निश्चित वा सुनियोजित विधिको प्रयोगविना अनुसन्धान अपुरो रहन जान्छ जसले गर्दा उचित र उत्कृष्ट प्रतिफल प्राप्त गर्न सकिँदैन त्यसकारण यस अध्ययनका लागि पनि निश्चित अध्ययन पद्धति आवश्यकता पर्ने भएकोले प्रस्तुत अध्ययनका लागि अवलम्बन गरिएका वर्णनात्मक र क्षेत्रीय विधिहरूलाई निम्नलिखित उपकरण उपयोग गरी पुरा गरिएको छ :

## ४.१ जनसङ्ख्या छनोट

प्रस्तुत अध्ययन कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको अध्ययनमा आधारित छ। प्रस्तुत अध्ययनमा इलाम जिल्लाको सुदूरपूर्वी फिक्कल आसपासको क्षेत्रका विद्यालयहरू, इलाम सदरमुकाम आसपासका विद्यालयहरू र इलामको पश्चिमी क्षेत्र मंगलबारे क्षेत्रका विद्यालयहरूमा अध्ययनरत ५ जना छात्रा र ५ जना छात्र विद्यार्थीहरू गरेर १०/१० जनाका दरले १०० जना विद्यार्थीहरू प्रतिनिधि जनसङ्ख्या छनोटको रूपमा लिइएको छ।

## ४.२ प्रतिनिधि नमुना छनोट

प्रस्तुत शोध अध्ययनमा इलाम जिल्लाको सुदूरपूर्वी क्षेत्र फिक्कलबाट पाँचवटा उ.मा.वि. (फिक्कल उ.मा.वि, कृष्णाश्रम उ.मा.वि., शान्ति निकेतन उ.मा.वि., एभरल्यान्ड उ.मा.वि., करफोक उ.मा.वि.) इलाम सदरमुकाम आसपासका ४ वटा (इलाम उ.मा.वि., चारखोला उ.मा.वि., हेरिटेज उ.मा.वि., आदर्श उ.मा.वि.) र इलामको पश्चिमी क्षेत्र मंगलबारेको भानुभक्त उ.मा.वि. गरेर जम्मा १० वटा विद्यालयलाई प्रतिनिधि नमुनाका रूपमा लिइएको छ र उक्त विद्यालयमा अध्ययनरत १०/१० जना विद्यार्थीहरू गरेर जम्मा १०० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुनाको रूपमा लिइएको छ।

## ४.३ प्राथमिक स्रोत

प्राथमिक स्रोतका रूपमा कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूले लेखेका उत्तरका रूपमा रहेका निमन्त्रणापत्रहरूलाई लिई अनुसन्धान गरिएको छ ।

## ४.४ द्वितीयक स्रोत

प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा प्राथमिक स्रोतका साथै द्वितीयक स्रोतको माध्यमबाट पनि सामग्री सङ्कलन गरिएको छ । द्वितीय स्रोतका रूपमा विभिन्न पूर्व अध्ययन सामग्रीहरू, पत्रपत्रिका, लेखरचनाहरू, पाठ्यपुस्तकहरू लयातका अन्य सामग्रीहरूलाई लिएर अध्ययन गरिएको छ ।

## ४.५ सामग्री निर्माण

प्रस्तुत अध्ययनमा प्रत्यक्ष रूपमा विद्यार्थीहरूको संलग्नता आवश्यक हुने र त्यसमा पनि उनीहरूकै क्षमता पहिचान गर्नुपर्ने भएकाले त्यससँग सम्बन्धित तथ्याङ्कका लागि सर्वोपयुक्त माध्यम परीक्षणलाई लिइएको छ । यसका लागि शोध निर्देशकको निर्देशन र सल्लाहका आधारमा प्रश्नावली तयार गरी प्रश्नावलीको उपयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ । यस्तो परीक्षणका लागि विद्यार्थीहरूलाई निधारित शीर्षक दिएर आदि, मध्य र अन्त्यको ढाँचामा निमन्त्रणा लेख्न लगाइएको छ ।

## ४.६ तथ्याङ्क सङ्कलन

प्रस्तुत अध्ययनका लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्ने क्रममा इलाम जिल्लाका कक्षा एघारमा अध्ययनरत १० वटा उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूलाई निर्धारित शीर्षक र समयमा निमन्त्रणा लेख्न लगाइएको छ । विद्यार्थीहरूले लेखेको निमन्त्रणालाई शोध निर्देशकको सुझावका आधारमा निमन्त्रणा लेखनको स्वरूपगत ढाँचा, वाक्यगठन, शुद्धाशुद्धी, प्रस्तुतीकरण आदिलाई आधार मानी उनीहरूको लेखन क्षमताको प्रक्रियागत रूपमा वस्तुगत अङ्कन निर्धारण गरिएको छ ।

## ४.७ तथ्याङ्कको विश्लेषण र मूल्याङ्कन

विद्यार्थीहरूको लेखाइ सिपको विकासका लागि विभिन्न विधिहरूलाई अगाडि ल्याउने वा विभिन्न विषय क्षेत्रसँग सम्बन्धित विधाहरूको उपयोग गरी विद्यार्थीहरूको लेखन क्षमतामा विविधता ल्याउन सकिन्छ । यस अध्ययनबाट इलाम जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको, निमन्त्रणा लेखन क्षमता पहिल्याउने उद्देश्य राखी क्षेत्रीय अध्याय विधिअनुसार विभिन्न १० वटा उच्च माविहरूबाट १०/१० जनाका दरले १०० जना विद्यार्थीहरूबाट अध्ययनका लागि तथ्याङ्क सङ्कलन गरिएको छ । व्याख्या तथा विश्लेषणलाई पूर्णत वस्तुगत रूप दिन प्रतिशत गणना र मध्यमानलाई मुख्य रूपमा अगाडि सारिएको छ । निमन्त्रणा लेखनको प्रतिशत गणना गर्दा समग्र विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको अध्ययन, लैङ्गिक आधारमा र विद्यालयको प्रकृतिको आधारमाा विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको अध्ययन गरी विश्लेषण गरिएको छ । त्यसैगरी स्तम्भ चित्र, वृत्तचित्र आदि माध्यमद्वारा विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको विश्लेषण गरिएको छ ।

विद्यार्थीहरूले लेखेको निमन्त्रणालाई स्वरूपगत ढाँचा आदि, मध्य र अन्त्य भागमा विभाजन र आदि भागमा प्रस्तुतीकरण, वाक्यगठन, मिति, समय, स्थान, सम्बोधन, भाषिक शुद्धाशुद्धी र मध्यभागमा विषयवस्तुको पुष्ट्याइ कार्यक्रम आयोजना, प्रयुक्त भाषाशैली, मौलिकता, भाषिक शुद्धता आदि विभिन्न पक्ष र अन्त्य भागमा विषयवस्तुको समापनका क्रममा प्रयुक्त भाषाशैली शुद्धाशुद्धी, वाक्यगठन, प्रक्रिया आदि विभिन्न पक्षलाई आधार मानेर वस्तुगत अङ्कन निर्धारण गरी मूल्याङ्कन गरिएको छ ।

## अध्याय पाँच


# लैङ्गिक आधारमा विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको स्थिति

## ५.१ छात्र विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको प्रतिशताङ्क स्थिति

इलाम जिल्लाका ७ वटा सामुदायिक उच्च मा.वि. र ३ वटा संस्थागत उच्च मा.वि.मा कक्षा एघारमा अध्ययनरत ५०/५० जना छात्र/छात्रा विद्यार्थीहरूलाई प्रतिनिधि जनसङ्ख्या छनोटको रूपमा लिई उनीहरूले लेखेको निमन्त्रणा पत्रलाई आधार मानेर लैङ्गिक आधारमा छात्र विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको अध्ययन गरिएको छ ।

| कुल विद्यार्थी सङ्ख्या | ३० प्रतिशतभन्दा कम | | ३०-५० प्रतिशतसम्म | | ५०-७० प्रतिशतसम्म | | ७०-१०० प्रतिशतसम्म | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १ | २ | १९ | ३८ | २८ | ५६ | २ | ४ |

प्रतिशतका आधारमा विद्यार्थीको निमन्त्रणा लेखन क्षमता प्रस्तुत तालिकामा छात्र विद्यार्थीहरूअन्तर्गत प्रतिनिधि जनसङ्ख्याका रूपमा ५० जना विद्यार्थीहरूलाई चयन गरिएको छ ।यहाँ ३० प्रतिशतभन्दा कम निमन्त्रणा लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १ र प्रतिशत २ रहेको छ । त्यसैगरी ३० देखि ५० प्रतिशतसम्म निमन्त्रणा लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १९ र प्रतिशत ३८ रहेको छ । ५० प्रतिशतभन्दा माथि ७० प्रतिशतसम्म निमन्त्रणा लेखन क्षमता भएका विद्यार्थी सङ्ख्या २८ र ५६ प्रतिशत देखिन्छ । त्यसैगरी उचचतम श्रेणी ७० प्रतिशतदेखि १०० प्रतिशतसम्म निमन्त्रणा लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २ र ४ प्रतिशत ४ देखिनुले कक्षा ११ मा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता मध्यम रहेको मान्न सकिन्छ । माथिको तथ्याङ्कलाई स्तम्भ चित्रमा पनि देखाउन सकिन्छ ।




उपरोक्त स्तम्भ चित्रअनुसार ३०% भन्दा कम निमन्त्रणा लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या र प्रतिशत २ रहनु र उच्चतम श्रेणीअन्तर्गत ७० प्रतिशतभन्दा माथि निमन्त्रणा लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २ र प्रतिशत ४ रहनुले कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता मध्यम रहेको मान्न सकिन्छ ।

### ५.१.१ मध्यमानका आधारमा छात्र विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको स्थिति

इलाम जिल्लाका ७ वटा सामुदायिक उच्च मा.वि. र ३ वटा संस्थागत उच्च मा.वि.मा कक्षा एघारमा अध्ययनरत ५०/५० जना छात्र/छात्रा विद्यार्थीहरूलाई प्रतिनिधि जनसङ्ख्या छनोटको रूपमा लिई उनीहरूले लेखेको निमन्त्रणा पत्रलाई आधार मानेर मध्यमानका आधारमा छात्र विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको अध्ययन गरिएको छ ।

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा कम | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | २८.१६ | २९ | ५८ | २१ | ४२ |

दिएको तथ्याङ्कअनुसार ५० जना छात्र विद्यार्थीको प्राप्ताङ्क १४०८ छ । यसको मध्यमान २८.१६ रहेको छ । यहाँ मध्यमानलाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि निमन्त्रणा लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २९ र प्रतिशत ५८ रहेको छ । त्यसैगरी मध्यमानभन्दा कम निमन्त्रणा लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २१ र प्रतिशत ४२ देखिन्छ । यसमा मध्यमानभन्दा तल र माथि निमन्त्रणा लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या अन्तर देखिनाले इलाम जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता खासै सन्तोषजनक देखिँदैन ।


## ५.२ छात्रा विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको प्रतिशताङ्क स्थिति

इलाम जिल्लाका ७ वटा सामुदायिक उच्च मा.वि. र ३ वटा संस्थागत उच्च मा.वि.मा कक्षा एघारमा अध्ययनरत ५०/५० जना छात्र/छात्रा विद्यार्थीहरूलाई प्रतिनिधि जनसङ्ख्या छनोटको रूपमा लिई उनीहरूले लेखेको निमन्त्रणा पत्रलाई आधार मानेर लैङ्गिक आधारमा छात्रा विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको अध्ययन गरिएको छ ।

| कुल विद्यार्थी सङ्ख्या | ३० प्रतिशतभन्दा कम | | ३०-५० प्रतिशतसम्म | | ५०-७० प्रतिशतसम्म | | ७०-१०० प्रतिशतसम्म | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १ | २ | ११ | २२ | २१ | ४२ | १७ | ३४ |

माथिको तालिकामा प्रतिनिधि छनोटमा परेका समग्र १०० विद्यार्थीमध्ये ५० जना छात्रा विद्यार्थीहरू रहेको देखाइएको छ । जसमा ३० प्रतिशतभन्दा कम निमन्त्रणा लेखन क्षमता भएका छात्रा विद्यार्थीहरूको सङ्ख्या १ र प्रतिशत २७ रहेको देखिन्छ । ३० देखि ५० प्रतिशतसम्म निमन्त्रणा लेखन क्षमता भएका विद्यार्थी सङ्ख्या ११ जना र प्रतिशत २२ रहेको पाइन्छ । त्यसैगरी ५० देखि ७० प्रतिशतसम्म निमन्त्रणालेखन क्षमता भएका छात्रा विद्यार्थी सङ्ख्या २१ र प्रतिशत ४२ रहेको पाइन्छ । ७० प्रतिशतभन्दा बढी निमन्त्रणा लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १७ र प्रतिशत ३४ रहेको देखिनुले इलाम जिल्लाका कक्षा

एघारमा अध्ययनरत छात्रा विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता राम्रो रहेको देखिन्छ । माथिको तथ्याङ्कलाई स्तम्भ चित्रमा पनि देखाउन सकिन्छ :




### ५.२.१ मध्यमानका आधारमा छात्रा विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको स्थिति

इलाम जिल्लाका ७ वटा सामुदायिक उच्च मा.वि. र ३ वटा संस्थागत उच्च मा.वि.मा कक्षा एघारमा अध्ययनरत ५०/५० जना छात्र/छात्रा विद्यार्थीहरूलाई प्रतिनिधि जनसङ्ख्या छनोटको रूपमा लिई उनीहरूले लेखेको निमन्त्रणा पत्रलाई आधार मानेर मध्यमानका आधारमा छात्रा विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको अध्ययन गरिएको छ ।

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा कम | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ३१.४२ | २६ | ५२ | २४ | ४८ |

प्रतिनिधि नमुनाका रूपमा रहेका ५० जना छात्रा विद्यार्थीहरूको प्राप्ताङ्क १५७१ रहेको छ । यसको मध्यमान ३१.४२ रहेको छ । जम्मा ५० जना विद्यार्थीहरूमध्ये मध्यमानभन्दा बढी अङ्क ल्याउने विद्यार्थीहरू २६ जना रहेका छन् भने मध्यमानभन्दा कम

अङ्क ल्याउने विद्यार्थी २४ जना रहनुले विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता सन्तोषजनक नै देखिन्छ । सबै विद्यार्थीहरूको सिकाइ स्तर समान नभएकोले निदानात्मक शिक्षण गरी विद्यार्थीहरूको अवस्था सुधार्नुपर्ने देखिन्छ ।

## ५.३ छात्र र छात्रा विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको तुलना


इलाम जिल्लाका ७ वटा सामुदायिक उच्च मा.वि. र ३ वटा संस्थागत उच्च मा.वि.मा कक्षा एघारमा अध्ययनरत ५०/५० जना छात्र/छात्रा विद्यार्थीहरूलाई प्रतिनिधि जनसङ्ख्या छनोटको रूपमा लिई उनीहरूले लेखेको निमन्त्रणा पत्रलाई आधार मानेर लैङ्गिक आधारमा छात्र र छात्रा विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको तुलना गरिएको छ ।

| कुल छात्र/छात्रा सङ्ख्या | प्राप्ताङ्क स्थिति | छात्र | | छात्रा | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० +५० = १०० | ३० प्रतिशतभन्दा कम | १ | २ | १ | २ |
| | ३० प्रतिशतदेखि ५० प्रतिशतसम्म | १९ | ३८ | ११ | २२ |
| | ५०-६०% सम्म | २८ | ५६ | २१ | ४२ |
| | ६०-१००% सम्म | २ | ४ | १७ | ३४ |
| जम्मा | | ५० | १०० | ५० | १०० |

माथिको तालिकामा देखाएको तथ्याङ्क अनुसार अनुसन्धानका लागि छनोट गरिएका छात्र छात्राहरूको सङ्ख्या ५०/५० जना रहेका छन् । यसरी छनोट गरिएका छात्र-छात्राहरूको निमन्त्रणा लेखन क्षमता हेर्दा ३० प्रतिशतभन्दा कम ल्याउने छात्रहरू २ प्रतिशत छन् भने छात्राहरू पनि २ प्रतिशत नै रहेका छन् । यसरी छात्र र छात्राको प्रतिशत बराबर देखिन्छ । त्यसैगरी ३० देखि ५० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या ३८ प्रतिशत रहेको छ भने छात्राहरूको सङ्ख्या २२ प्रतिशत मात्र रहेकोले छात्रहरू भन्दा

छात्राहरू कमजोर देखिएका छन् । त्यस्तै ५० देखि ७० प्रतिशतसम्म अङ्क प्राप्त गर्नेमा छात्रको प्रतिशत ५६ र छात्राहरूको प्रतिशत ४२ रहेकोले प्राप्ताङ्कको मध्यमा पनि छात्राहरूभन्दा छात्राहरू कमजोर देखिएका छन् भने ७० प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या ४ प्रतिशत र छात्राहरूको ३४ प्रतिशत रहेकोले प्राप्ताङ्कको अन्त्यमा छात्राहरूभन्दा छात्रहरू कमजोर रहेको देखिन्छ ।

यसरी माथिको तथ्याङ्कले के देखाएको छ भने छात्राहरूभन्दा छात्रहरू बढी सक्षम रहेका छन् भने छात्राहरूको निमन्त्रणा लेखन क्षमता छात्रहरूको सापेक्षतामा बढी समान छ । प्रायः अन्त्य स्तरमा छात्राहरूको प्राप्ताङ्क केन्द्रित रहेको छ । समग्रमा अन्तिम स्तरमा छात्रहरूभन्दा छात्राहरू बढी सक्षम देखिन्छन् भने सामान्यतया छात्राहरू छात्रभन्दा १४ प्रतिशतले कमजोर रहेका छन् । यसलाई तलको स्तम्भ चित्रले प्रष्ट पार्न सकिन्छ :



## अध्याय छ

# विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको सिथति

## ६.१ सामुदायिक विद्यालयको निमन्त्रणा लेखन क्षमताको स्थिति

प्रस्तुत इलाम जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको अध्ययन शीर्षकको शोधपत्रमा सामुदायिक विद्यालयको निमन्त्रणा लेखन क्षमताको स्थिति निम्नानुसार छन् :

### ६.१.१ मध्यमानका आधारमा करफोक उच्च मा.वि.का विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको स्थिति

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा कम | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १० | ३२ | ४ | ४० | ६ | ६० |

दिइएको तथ्याङ्क अनुसार १० जना विद्यार्थीको प्राप्ताङ्क ३२० छ । यसको मध्यमान ३२ रहेको छ । जम्मा १० जना विद्यार्थीहरूमध्ये मध्यमानभन्दा माथि ४० प्रतिशत र मध्यमानभन्दा तल ६० प्रतिशत रहनुले करफोक उ.मा.वि. विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता कमजोर रहेको देखिन्छ ।कक्षाका सबै विद्यार्थीहरूको सिकाइ सन्तुलित नभएकोले निदानात्मक शिक्षण गरी विद्यार्थीको अवस्था सुधार गर्नुपर्ने देखिन्छ ।

### ६.१.२ मध्यमानका आधारमा श्री कृष्णाश्रम उ.मा.वि., कोलबुङका विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको स्थिति

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा कम | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १० | ३०.५ | ४ | ४० | ६ | ६० |

दिएको तथ्याङ्क अनुसार १० जना विद्यार्थीको जम्मा प्राप्ताङ्क ३०५ छ । यसको मध्यमान ३०.५ रहेको छ । जम्मा १० जना विद्यार्थीहरूमध्ये मध्यमानभन्दा माथि ४० प्रतिशत र मध्यमानभन्दा तल ६० प्रतिशत रहनुले कृष्णाश्रम उ.मा.वि.को विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता सन्तोषजनक नरहेको र कक्षाका सबै विद्यार्थीहरूको सिकाइ सन्तुलित नरहेका कारण निदानात्मक शिक्षण विधिको प्रयोग गरी शिक्षाण गर्नुपर्ने देखिन्छ ।

### ६.१.३ मध्यमानका आधारमा शान्ति निकेतन उ.मा.वि. का विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको स्थिति

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा कम | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १० | २८ | ६ | ६० | ४ | ४० |

दिएको तथ्याङ्क अनुसार १० जना विद्यार्थीको प्राप्ताङ्क २८० छ । जसको मध्यमान २८ छ । १० जना विद्यार्थीहरूमध्ये मध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थी ६ जना र प्रतिशत ६० छ । त्यसैगरी मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थीहरू ४ जना र प्रतिशत ४० रहनले विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता राम्रो रहेको छ तर विद्यार्थीहरूको सिकाइ स्तरमा एकरूपता नभएकोले निदानात्मक शिक्षण गरी विद्यार्थीहरूको अवस्था सुधार गर्नुपर्ने देखिन्छ ।

### ६.१.४ मध्यमानका आधारमा फिक्कल उच्च मा.वि.का विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको स्थिति

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा कम | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १० | ३३.४ | ६ | ६० | ४ | ४० |

प्रतिनिधि नमुनाका रूपमा फिक्कल उच्च मा.वि.बाट १० जना विद्यार्थी लिइयो । १० जना विद्यार्थीको जम्मा प्राप्ताङ्क ३३४ छ । जसको मध्यमान ३३.४ रहेको छ । १० जना विद्यार्थीहरूमध्ये मध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थीहरू ६ जना र प्रतिशत ६० छ । त्यसैगरी मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थीहरू ४ जना र प्रतिशत ४० रहनुले उक्त विद्यालयका विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता सन्तोषजनक रहेको छ । तर विद्यार्थीहरूको सिकाइ स्तरमा एकरूपता ल्याउनका लागि निदानात्मक पद्धतिबाट शिक्षण गर्नुपर्ने देखिन्छ ।

### ६.१.५ मध्यमानका आधारमा भानुभक्त उच्च मा.वि. का विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको स्थिति

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा कम | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १० | २४.२ | ६ | ६० | ४ | ४० |

प्रतिनिधि नमुनाका रूपमा भानुभक्त उच्च मा.वि., मंगलबारेबाट १० जना विद्यार्थी लिइयो । १० जना विद्यार्थीको प्राप्ताङ्क २४२ छ । जसको मध्यमान २४.२ छ । मध्यमानभन्दा माथि प्राप्ताङ्क ल्याउने विद्यार्थी ६ र प्रतिशत ६० छ । त्यसैगरी मध्यमान भन्द्या कम प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या ४ र प्रतिशत ४० रहनुले भानुभक्त उच्च मा.वि.मा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता राम्रो रहेको छ । तर विद्यार्थीहरूको प्राप्ताङ्कमा एकरूपता नभएका कारण निदानात्मक शिक्षणको आवश्यकता देखिन्छ ।

### ६.१.६ मध्यमानका आधारमा इलाम उच्च मा.वि. इलाममा विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको स्थिति

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा कम | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १० | २८.७ | ६ | ६० | ४ | ४० |

प्रतिनिधि नमुनाका रूपमा इलाम उ.मा.वि. इलामका कक्षा ११ मा अध्ययननरत १० जना विद्यार्थीहरूलाई लिइयो । विद्यार्थीहरूको जम्मा प्राप्ताङ्क २८७ छ । जसको मध्यमान २८.७ रहेको छ । मध्यमानभन्दा माथि प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या ६ र प्रतिशत ६० छ त्यसैगरी मध्यमान भन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या ४ र प्रतिशत ४० रहनुले इलाम उच्च मा.वि. कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखन सन्तोषजनक रहेको पाइन्छ । आगामी दिनमा विद्यार्थीहरूको गुणस्तरमा वृद्धि गर्नका लागि विद्यालयमा सिर्जनात्मक र व्यावहारिक लेखनका कार्यकलापहरू गराउनुपर्ने देखिन्छ ।

### ६.१.७ मध्यमानका आधारमा आदर्श उच्च मा.वि.का विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको स्थिति

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा कम | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १० | २६ | ५ | ५० | ५ | ५० |

माथिको तालिकामा प्रस्तुत तथ्याङ्कअनुसार १० जना विद्यार्थीको प्राप्ताङ्क ३६० छ, यसको मध्यमान २६ रहेको छ । यहाँ मध्यमानलाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि र निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ५ को प्रतिशत ५० र मध्यमानभन्दा तल रहेको विद्यार्थीहरूको सङ्ख्या ५ र प्रतिशत ५० रहेको हुँदा मध्यमानभन्दा माथि र तल निमन्त्रणा लेखन क्षमता बराबर भएकोले आदर्श उ.मा.वि. इलाममा कक्षा ११ मा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता खासै सन्तोषप्रद देखिँदैन । त्यसैले विद्यार्थीको लेखन क्षमतामा विकास गर्नका लागि निदानात्मक शिक्षण विधि र विभिन्न सिर्जनात्मक र व्यावहारिक लेखनका क्रियाकलापहरू गराउनुपर्ने देखिन्छ ।

## ६.२ संस्थागत विद्यालयको निमन्त्रणा लेखन क्षमताको स्थिति

प्रस्तुत इलाम जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको अध्ययन शीर्षकको शोधपत्रमा संस्थागत विद्यालयको निमन्त्रणा लेखन क्षमताको स्थिति निम्नानुसार छन् :

### ६.२.१ मध्यमानका आधारमा चारखोला उच्च मा.वि.का विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको स्थिति

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा कम | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १० | २६ | ५ | ५० | ५ | ५० |

चारखोला उच्च मा.वि.को प्रतिनिधि नमुनाका रूपमा १० जना विद्यार्थीहरू रहेका छन् भने विद्यार्थीको प्राप्ताङ्क २६९ छ। जसको मध्यमान २६ रहेको छ। मध्यमानभन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थी ५ जना र मध्यमानभन्दा बढी प्राप्ताङ्क ल्याउने विद्याथीृहरू ५ जना रहनुले विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता सन्तोषजनक देखिँदैन । उक्त कलेजका कक्षा ११ मा अध्ययनरत विद्यार्थीहरूको सिकाइ स्तर समान नभएकोले कक्षा क्रियाकलापमा बढी जोड दिनुपर्ने देखिन्छ।

### ६.२.२ मध्यमानका आधारमा एभरल्यान्ड इन्टरनेशनल उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको स्थिति

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा कम | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १० | ३५.९ | ६ | ६० | ४ | ४० |

एभरल्यान्ड इन्टरनेशनल उच्च माध्यमिक विद्यालयको प्रतिनिधि नमुनाका रूपमा १० जना विद्यार्थीहरू रहेका छन् भने विद्यार्थीहरूको जम्मा प्राप्ताङ्क ३५९ छ। जसको मध्यमान ३६ रहेको छ । मध्यमानभन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थी ४ र प्रतिशत ४० छ । त्यसैगरी मध्यमानभन्दा बढी प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या ६ र प्रतिशत ६० रहनुले एभरल्यान्ड इन्टरनेशनल उ.मा.वि. का विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता राम्रो रहेको

छ । कक्षाका सबै विद्यार्थीहरूको सिकाइ स्तर समान नभएकाले कक्षा क्रियाकलापमा बढी जोड दिनुपर्ने देखिन्छ ।

### ६.२.३ मध्यमानका आधारमा हेरिटेज नेशनल एकेडेमीका विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको स्थिति

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा कम | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १० | ३२.३ | ६ | ६० | ४ | ४० |

हेरिटेज नेशनल एकेडेमीमा अध्ययनरत १० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुनाका रूपमा लिइएको छ । विद्यार्थीहरूको जम्मा प्राप्ताङ्क ३२३ छ । जसमा मध्यमान ३२.५ रहेको छ । मध्यमानभन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या ४ र प्रतिशत ४० छ । त्यसैगरी मध्यमानभन्दा बढी प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या ६ र प्रतिशत ६० रहनुले हेरिटेज नेशनल एकेडेमीमा कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता सन्तोषजनक रहेको छ । तर उक्त कलेजका विद्यार्थीहरूको प्राप्ताङ्कमा एकरूपता ल्याउनका लागि उपचारात्मक शिक्षण विधिको प्रयोग गर्नुपर्ने देखिन्छ ।

## ६.३ सामुदायिक र संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको तुलना


प्रस्तुत इलाम जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको अध्ययन शीर्षकको शोधपत्रमा सामुदायिक र संस्थागत विद्यालयहरूमा विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको तुलना निम्नानुसार गरिएको छ :

| कुल छात्र/छात्रा सङ्ख्या | प्राप्ताङ्क स्थिति | छात्र | | छात्रा | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० +५० = १०० | ३० प्रतिशतभन्दा कम | २ | २.८५ | - | - |
| | ३० प्रतिशतदेखि ५० प्रतिशतसम्म | २० | २८.५७ | ७ | २३.३३ |
| | ५०-६०% सम्म | ३५ | ५० | १३ | ४३.३३ |
| | ६०-१००% सम्म | १३ | १८.५७ | १० | ३३.३३ |
| जम्मा | | ७० | १०० | ३० | १०० |

माथिको तालिकाले देखाएको तथ्याङ्क अनुसार अनुसन्धानका लागि छनोट गरिएका सामुदायिक विद्यालय र संस्थागत विद्यालयका विद्यार्थीहरू ७० र ३० जना रहेका छन् । यसरी छनोट गरिएका सामुदायिक र संस्थागत विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता हेर्दा ३० प्रतिशतभन्दा कम ल्याउने सामुदायिक विद्यालयका विद्यार्थीहरू २.८५ प्रतिशत छन् भने संस्थागत विद्यालयका विद्यार्थीहरू प्राप्ताङ्क प्रतिशत शून्य छ । ३० प्रतिशतभन्दा कम प्राप्ताङ्क सामुदायिक विद्यालयले ल्याएकाले संस्थागत विद्यालयका विद्यार्थीहरू सामुदायिक विद्यालयका विद्यार्थीहरूभन्दा कमजोर देखिन्छन् । त्यसैगरी ३० देखि ५० प्रतिशतसम्म प्राप्ताङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या २८.५७ प्रतिशत रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या २३.३३ प्रतिशत मात्र रहेकोले मध्यम स्तरमा पनि सामुदायिक विद्यालयका विद्यार्थीहरूभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता कमजोर देखिन्छ । त्यसैगरी ५० देखि ७० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्रतिशत ५० छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रतिशत ४३.३३ रहेकोले राम्रो प्राप्ताङ्कको बिचमा पनि सामुदायिक विद्यालयका विद्यार्थीहरूको भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता कमजोर देखिएका छन् । भने ७० प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने  सामुदायिक विद्यालयका विद्यार्थीको सङ्ख्या १८.३७ छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या ३३.३३ भने सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या १८.३७ रहेकोले अन्त्यमा

संस्थागत विद्यालयका विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता भन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता कमजोर रहेको देखिन्छ ।

यसरी माथिको तथ्याङ्कले के देखाएको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूभन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरू सक्षम रहेका छन् भने संस्थागत विद्यालयका विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता सापेक्षतामा बढी समान छ । अन्त्य स्तरमा संस्थागत विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्क बढी छ । समग्रमा सुरुमा, मध्य, मध्यस्तम्भमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्क बढी छ । अन्त्यमा मात्र संस्थागत विद्यालयका विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्क सामुदायिक विद्यालयभन्दा बढी छ । सामान्यतया संस्थागत विद्यालयका विद्यार्थीहरू ६.६७ प्रतिशतले सामुदायिक वि.वि. भन्दा कमजोर रहेका छन् । यसलाई स्तम्भ चित्रले पनि प्रस्ट पार्न सकिन्छ :



## अध्याय सात

# समग्र विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको अध्ययन

इलाम जिल्लामा कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूले लेखेको निमन्त्रणा पत्रलाई आधार मानेर उनीहरूको निमन्त्रणा लेखन क्षमता पहिचान गरिएको छ । नमुना छनोटका रूपमा इलाम जिल्लामा अवस्थित ७ वटा सामुदायिक उच्च मा.वि. र ३ वटा संस्थागत उच्च मा.वि.मा अध्ययनरत १०/१० जना विद्यार्थीहरूका दरले १०० जना विद्यार्थीहरूले लेखेको निमन्त्रणा पत्रलाई आधार मानेर समग्र विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको अध्ययन गरिएको छ। जसलाई निम्न तालिकाबाट प्रष्ट पारिएको छ।


## ७.१ समग्र विद्यार्थीको निमन्त्रणापत्र लेखन क्षमताको प्रतिशताङ्क स्थिति

| कुल विद्यार्थी सङ्ख्या | ३० प्रतिशतभन्दा कम | | ३०-५० प्रतिशतसम्म | | ५०-७० प्रतिशतसम्म | | ७०-१०० प्रतिशतसम्म | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | २ | २ | ३१ | ३१ | ४७ | ४७ | २० | २० |

प्रतिशतका आधारमा विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको अध्ययनका क्रममा उपयुक्त तालिकामा प्रस्तुत प्रतिशत गणना गर्दा प्रतिनिधि जनसङ्ख्याका रूपमा छनोट गरिएका कुल सङ्ख्या १०० जनालाई उनीहरूको प्राप्ताङ्क प्रतिशतका आधारमा चार श्रेणीमा विभाजन गरिएको छ जसअनुसार ३० प्रतिशतभन्दा ककम निमन्त्रणापत्र लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २ र प्रतिशत २ देखिन्छ । ३० प्रतिशतमाथि ५० प्रतिशतभन्दा तल निमन्त्रणा लेखन क्षमता भएका विद्यार्थीको सङ्ख्या ३१ र प्रतिशत ३१ देखिन्छ । ५० प्रतिशतभन्दा माथि र ७० प्रतिशतभन्दा कम निमन्त्रणालेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ४७ जना र प्रतिशत ४७ देखिन्छ । प्रस्तुत अध्ययनमा उच्चतम

श्रेणीका रूपमा मापन गरिएको ७० प्रतिशतभन्दा माथि १०० प्रतिशतसम्म निमन्त्रण लेखन क्षमता भएका सङ्ख्या २० र प्रतिशत २० रहेको देखिन्छ ।

यसरी समग्र प्रतिशतका आधारमा हेर्दा प्रतिशतका आधरामा छुट्याएको चार श्रेणीका रूपमा मापन गरिएको ३० प्रतिशत भन्दा कम प्राप्ताङ्क प्राप्त गर्ने विद्यार्थीको प्रतिशत २ उच्चतम प्राप्ताङ्क प्राप्त गर्ने विद्यार्थीको प्रतिशत २० हुनुले समग्रतामा विद्यार्थीको निमन्त्रणा लेखन क्षमता राम्रो रहेको देखिन्छ । तालिकामा उल्लेख भए अनुसार ३० देखि ५० प्राप्ताङ्क प्राप्त गर्ने विद्यार्थीको प्रतिशत ३१ प्रतिशत रहेको देखिन्छ भने ५० देखि ७० प्राप्ताङ्क प्राप्त गर्नेको सबैभन्दा बढी अर्थात् ४७ प्रतिशत देखिनुले विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता राम्रो रहेको पाइन्छ । यस तथ्याङ्कलाई तलको स्तम्भले पनि पुष्टि गर्दछ ।




## ७.२ मध्यमानका आधारमा समग्र विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको स्थिति

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा कम | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | २९.७९ | ४२ | ४२ | ५८ | ५८ |

दिएको तथ्याङ्क अनुसार १०० जना विद्यार्थीको प्राप्ताङ्क २९.७९ छ । यसको मध्यमान २९.७९ रहेको छ । मध्यमानबाट आधार मानी हेर्दा मध्यमानभन्दा माथि ५८ प्रतिशत विद्यार्थीहरू रहेका छन् । मध्यमानभन्दा तल ४२% विद्यार्थीहरू रहेका छन् । मध्यमानका दृष्टिले हेर्दा समग्र विद्यार्थीको ५८ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि रहेकाले इलाम जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता राम्रो रहेको मान्न सकिन्छ ।

## ७.३ सामुदायिक विद्यालयका विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको प्रतिशताङ्क स्थिति

| कुल विद्यार्थी सङ्ख्या | ३० प्रतिशतभन्दा कम | | ३०-५० प्रतिशतसम्म | | ५०-७० प्रतिशतसम्म | | ७०-१०० प्रतिशतसम्म | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ७० | २ | २.८५ | २० | २८.५७ | ३५ | ५० | १३ | १८.५७ |

माथिको  तालिकामा इलाम जिल्लाका कक्षा एघार (११) मा अध्ययनरत सामुदायिक विद्यालयको निमन्त्रणा लेखन क्षमताको प्रतिशताङ्क देखाइएको छ जसमा नमुना रूपमा इलाम जिल्लाका ७ वटा उच्च मा.वि. मा अध्ययनरत ७० जना विद्यार्थी छनोट गरिएको छ । प्रस्तुत अध्ययन तल्लो श्रेणीको निर्धारण गरिएको ३० प्रतिशतभन्दा कम निमन्त्रणा लेखन क्षमता भएका विद्यार्थी सङ्ख्या २.८५ प्रतिशत, ३०-५० प्रतिशतको बिचमा प्राप्ताङ्क ल्याउने २८.५७ प्रतिशत, ५० देखि ७० प्रतिशतसम्म प्राप्ताङ्क ल्याउन ५० प्रतिशत र ७० प्रतिशतभन्दा माथि प्राप्ताङ्क ल्याउने १८.५७ प्रतिशत भएको देखिन्छ । उपयुक्त तथ्याङ्कलाई दृष्टिगत गर्दा ३० प्रतिशतभन्दा कम अङ्क ल्याउने विद्यार्थी २ देखियो । ३० देखि ५० ल्याउने विद्यार्थी सङ्ख्या २० देखियो । ५० देखि ७० अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ३५ देखियो भने ७० देखि १०० अङ्क ल्याउने १३ जना विद्यार्थी रहेको देखियो । यसरी हेर्दा इलाम जिल्लाका सामुदायिक विद्यालयका विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता सन्तोषजनक रहेको देखिन्छ ।

## ७.४ मध्यमानका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निमन्त्रणालेखन क्षमताको स्थिति


| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा कम | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ७० | ३२.८१ | २२ | ३१.४२ | ४८ | ६८.५७ |

सामुदायिक विद्यालयहरूअन्तर्गत इलाम जिल्लाका ७ वटा विद्यालयहरू त्यसमा आदर्श उच्च मा.वि., करफोक उ.मा.वि., शान्ति निकेतन उ.मा.वि., कन्याम कृष्णाश्रम उ.मा.वि., फिक्कल, भानुभक्त उ.मा.वि., इलाम उ.मा.वि., बाट १०/१० जना विद्यार्थीका दरले ७० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुनाका रूपमा छनोट गरी अध्ययन गरिएको छ। प्रतिनिधि नमुनाका रूपमा रहेका सामुदायिक विद्यालयका ७० जना विद्यार्थीहरूको प्राप्ताङ्क २२९७ रहेको छ। जसको मध्यमान ३२.८१ रहेको छ। प्राप्ताङ्कमा उच्चतम अङ्क ३१.४२ र न्यूनतम अङ्क ६८.८७ हुनाले सिकाइस्तर सन्तुलित छैन । मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ४८ जना र मध्यमानभनदा बढी अङ्क ल्याउने विद्यार्थी २२ जना रहनुले विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता कमजोर रहेको देखिन्छ।

## ७.५ संस्थागत विद्यालयका विद्यार्थीहरूको निमन्त्रणालेखन क्षमताको प्रतिशताङ्क स्थिति

| कुल विद्यार्थी सङ्ख्या | ३० प्रतिशतभन्दा कम | | ३०-५० प्रतिशतसम्म | | ५०-७० प्रतिशतसम्म | | ७०-१०० प्रतिशतसम्म | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ३० | - | - | ७ | २३.३३ | १३ | ४३.३३ | १० | ३३.३३ |

संस्थागत उ.मा.वि. अन्तर्गत हेरिटेज नेशनल एकेडेमी, एभरल्यान्ड इन्टरनेशनल उ.मा.वि. र चारखोला उ.मा.वि. कलेजका नमुना प्रतिनिधिका रूपमा ३० जना विद्यार्थीहिरूलाई चयन गरिएको छ । यहाँ ३० प्रतिशतभन्दा कम निमन्त्रणा लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ० र प्रतिशत ० रहेको छ भने ३० देखि ५० प्रतिशतसम्म निमन्त्रणा लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ७ र प्रतिशत २३.३३ रहेको छ । त्यसैगरी ५० देखि ७० प्रतिशतसम्म निमन्त्रणा लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १३ र प्रतिशत ४३.३३ रहेको छ भने उच्चतम श्रेणीलगायत ७० प्रतिशतभन्दा माथि निमन्त्रणा लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १० र प्रतिशत १० रहनुले संस्थागत विद्यालयको निमन्त्रणालेखन क्षमता राम्रो रहेको मान्न सकिन्छ । माथिको तथ्याङ्कलाई स्तम्भ चित्रमा पनि देखाउन सकिन्छ :




## ७.६ मध्यमानका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको स्थिति

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा कम | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ३० | ३२.७ | १७ | ५६.६६ | १३ | ४३.३३ |

संस्थागत विद्यालयअन्तर्गत हेरिटेज नेशनल एकेडेमी, एभरल्यान्ड इन्टरनेशनल उ.मा.वि. र चाखोला उ.मा.वि.का प्रतिनिधि नमुनाका रूपमा ३० जना विद्यार्थीहरूको प्राप्ताङ्क ९५१  रहेको छ भने मध्यमान ३१.७ रहेको छ । प्राप्ताङ्कमा उच्चतम अङ्क ५६.६६ र न्यूनतम अङ्क ४३.३३ रहेको हुनाले विद्यार्थीहरूको सिकाइस्तर सन्तुलित छैन मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थी १३ जना र मध्यमानभन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १७ जना रहनुले विद्यार्थीको निमन्त्रणा लेखन क्षमता राम्रो रहेको देखिन्छ । उपरोक्त तालिकाअनुसार संस्थागत विद्यालयका विद्यार्थीहरूको सिकाइ स्तरमा एकरूपता नभएका कारण कक्षा क्रियाकलापमा बढी जोड दिनुपर्ने देखिन्छ । साथै शिक्षकले निमन्त्रणा लेखनमा आदि, मध्य र अन्तिम भागमा प्रयोग गरिने शब्द शैलीहरू, सम्बोधन र आदर सम्मानको ख्याल गर्दै शुद्ध वर्णविन्यासमा जोड दिनुपर्ने देखिन्छ ।

## अध्याय आठ

# सारांश, निष्कर्ष, सुझाव र उपयोगिता

## ८.१ सारांश

प्रस्तुत शोधपत्र इलाम जिल्लामा कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको अध्ययनमा इलाम जिल्लाका ७ वटा सामुदायिक र ३ वटा संस्थागत उच्च मा.वि.का १०० जना विद्यार्थीहरको निमन्त्रणापत्र लेखन क्षमतालाई यहाँ उपयोग गरिएको छ ।

अध्याय एकमा भाषाको परिचय, लेखाइ सिपका विभिन्न पक्षहरू, शोधपत्रले उठाएको समस्या र समाधानको प्रक्रियाका साथै उद्देश्यको निर्धारण गरिएको छ । इलाम जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताबाट आएको नतिजाले पछिल्ला दिनहरूमा विषय शिक्षकलाई समस्या समाधान गर्न सहयोग मिल्दछ । यसका लागि १० वटा उच्च मा.वि.का १०० जना विद्यार्थीहरूलाई लिइएको छ ।

अध्याय दुईमा शोधपत्र तयार गर्नका लागि विभिन्न पाठ्यपुस्तक र शोधपत्रहरूको अध्ययन विश्लेषण गरिएको छ । यसबाट पहिले उठाइएका समस्याहरूको बारेमा जानकारी हुनुका साथै पछिल्लो दिनहरूमा शोधपत्र तयार पार्नेलाई सहयोग पुऱ्याएको देखिन्छ । साथै निमन्त्रणा पत्रको सैद्धान्तिक कुरालाई यस अध्यायमा उल्लेख गरिएको छ ।

अध्याय तिनमा अध्ययन विधि र अध्ययन प्रक्रियालाई उल्लेख गरिएको छ । इलाम जिल्लाका १० वटा उच्च मा.वि. मध्ये ७ वटा सामुदायिक र ३ वटा संस्थागत उच्च माध्यमिक विद्यालयका १०० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुना छनोटका रूपमा लिइएको छ ।

अध्याय चारमा विद्यार्थीहरूको निमन्त्रणा पत्र लेखन क्षमताको अध्ययन विश्लेषण गरिएको छ । इलाम जिल्लाका कक्षा ११ मा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको विश्लेषण गर्दा ३० प्रतिशतभन्दा तल २ प्रतिशत देखियो भने उच्चतम प्रतिशतका रूपमा रहेको ७० प्रतिशतभन्दा माथि २० प्रतिशत रहेको देखियो । ३०-५० प्रतिशत लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या धेरै रहेको देखियो । यसबाट इलाम जिल्लाका कक्षा

एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता राम्रो रहेको पाइएको छ । साथै लैङ्गिकताका आधारमा छात्र र छात्रा विद्यार्थीहरूलगायत सामुदायिक र संस्थागत उ.मा.वि.का कक्षा ११ मा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको अध्ययन विश्लेषण गरिएको छ ।

अध्याय पाँचमा शोधपत्रको सारांश, निष्कर्ष र शैक्षिक उपयोगिताको अध्ययन विश्लेषण गरिएको छ । व्यावहारिक लेखनका रूपमा रहेको यस निमन्त्रणा लेखन क्षमतामा विद्यार्थीहरूले गर्ने त्रुटिहरूको कसरी निराकरण गर्न सकिन्छ के कति कारणले त्रुटि हुन्छ के त्रुटि कमीकमजोरीहरू रहेका छन् । यसका के कस्ता निष्कर्षहरू रहेका छन् र निष्कर्षका आधारमा के कस्ता सुझावहरू दिन सकिन्छ भन्ने बारेमा विश्लेषण गरिएको छ ।

भाषाका चार सिपमध्ये लेखाइ सिप एउटा महत्त्वपूर्ण सिप हो भाषालाई लेखाइको माध्यमबाट अभिव्यक्त गर्न सकिन्छ । लेखाइ सिपको उत्कृष्ट नमुनाको रूपमा रहेको निमन्त्रणा लेखनमा आदि, मध्य र अन्त्य भागमा प्रयोग गरिने शब्द शैलीहरू, आदर, सम्मान र सम्बोधनको ख्याल गर्दै शुद्ध वर्ण विन्यासको प्रयोग गर्न विभिन्न प्रकारका व्यावहारिक लेखनमा विद्यार्थीहरूलाई दक्ष बनाउनु थप महत्त्वपूर्ण देखिन्छ ।

## ८.२ निष्कर्ष

'इलाम जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको अध्ययन' शीर्षकको प्रस्तुत शोधपत्र क्षेत्रीय अध्ययन पद्धतिसँग सम्बन्धित छ । इलाम जिल्लाका कक्षा ११ मा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूमध्येबाट जम्मा १००  जना विद्यार्थीहरूलाई प्रतिनिधि जनसङ्ख्याको रूपमा छनोट गरी तिनीहरूलाई पूर्व परक्षिणको नतिजाअनुसार उपयुक्त शीषर्भक निर्धारण गरी यस शोधपत्र प्रस्तुत गरिएको छ । प्रस्तुत अध्ययनमा लैङ्गिकता, विद्यालयको प्रकृति र विद्यालयको समग्र स्थितिका आधारमा छुट्टाछुट्टै तथा समग्रतामा समेत प्रतिशताङ्क, मध्यमान र स्तम्भ चित्रमा विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको वास्तविक अवस्थाको झल्को यस शोधकार्य मार्फत गराइएको छ । सम्पूर्ण विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको प्रतिशताङ्क स्थिति ५९.३८ प्रतिशतलाई आधार मानेर हेर्दा ५९.३८ प्रतिशत भन्दा माथि निमन्त्रणा लेखन क्षमता भएका विद्यार्थीहरू जम्मा ४७ जना भएकाले इलाम जिल्लाका कक्षा ११ मा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता राम्रो रहेको देखिन्छ ।

विद्यालयको प्रकृतिका आधारमा सामुदायिक विद्यालयका जम्मा ७० जना विद्यार्थीहम्धये ७० प्रतिशतभन्दा माथि निमन्त्रणा लेखन क्षमता भएका विद्यार्थी सङ्ख्या ६८.५७ प्रतिशत देखिनुले सामुदायिक विद्यालयका विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता सन्तोषजनक देखिन्छ ।

संस्थागत विद्यालयका ३० जना विद्यार्थीमध्ये ७० प्रतिशतभन्दा माथि निमन्त्रणा लेखन क्षमता भएका विद्यार्थी सङ्ख्या ७६.६६ प्रतिशत रहेकोले सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता राम्रो रहेको छ ।

लैङ्गिकताका आधारमा हेर्दा छात्रातर्फ जम्मा ५० जना विद्यार्थीमध्ये ७० प्रतिशतभन्दा बढी क्षमता भएका विद्यार्थीहरू जम्मा ७६ प्रतिशत देखिन्छ भने छात्रतर्फ जम्मा ५० जना विद्यार्थीमध्ये ७० प्रतिशतभन्दा बढी निमन्त्रणा लेखन क्षमता भएका विद्यार्थी सङ्ख्या ६० प्रतिशत रहेकोले १६ प्रतिशतले छात्रहरूको भन्दा छात्राहरूको निमन्त्रणा लेखन क्षमता राम्रो रहेको मान्न सकिन्छ ।

समग्रमा इलाम जिल्लाका सामुदायिक विद्यालयका विद्यार्थीहरूको निमन्त्रणा क्षमता सन्तोषजनक देखिन्छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता धेरै राम्रो रहेको देखिन्छ । छात्र विद्यार्थीहरूभन्दा छात्रा विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता राम्रो रहेको छ । उपयुक्त तथ्याङ्कलाई आत्मसात गर्दा निष्कर्षमा इलाम जिल्लाको कक्षा ११ मा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता सन्तोषजनक रहेको देखिन्छ ।

## ८.३ सुझाव

"इलाम जिल्लाका कक्षा ११ मा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणालेखन क्षमताको अध्ययन शीर्षकको प्रस्तुत अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा निम्न अनुसारका सुझावहरू दिन सकिन्छ ।

- निमन्त्रणालेखन क्षमता लेखाई सिपको विशिष्ट कार्यकलाप साथै व्यवहारिक लेखन भएकाले भाषा पाठ्यपुस्तकमा यसलाई विशेष स्थान दिनुपर्छ ।
- प्रत्येक लेखन विधा शिक्षणसँगै व्यवहारिक लेखनका क्रियाकलापहरू पनि अभ्यास खण्डमा समावेश गरिनुपर्छ ।

- लेखन कला सिप विकास सम्बन्धी क्रियाकलापमा छात्र र छात्रा दुबै पक्षालाई सहभागिताको लागि प्रोत्साहन गर्नुपर्छ ।
- विद्यालयका विद्यार्थीहरूको क्षमतालाई आगामी दिनमा अझै राम्रो बनाउनका लागि अध्यापनका क्रममा व्याख्यान विधिको मात्र प्रयोग नगरी विद्यार्थीहरूको सक्रियताबाट नै अध्यापन गराउनु पर्दछ ।
- विद्यालयको सुगा रटाइको परिपाटीलाई निरुत्साहित गरी विभिन्न पत्र, पत्रिका व्यावहारिक लेख रचनामा समावेश शीर्षक दिई उनीहरूको सिर्जनात्मक लेखन सिपलाई वृद्धि गर्नुपर्छ ।
- विद्यार्थीहरूलाई शीर्षक दिई आदि, मध्य र अन्त्यको ढाँचामा निमन्त्रणा लेख्न प्रेरित गर्नुपर्छ ।
- विद्यालयका सानो कक्षादेखि उच्चतम कक्षासम्म व्यवहारिक लेखनसँग सम्बन्धित अभ्यासहरू समावेश गर्नुपर्छ ।

## ८.४ उपयोगिता

यस शोधकार्यका शैक्षिक उपयोगिताहरू निम्नअनुसार प्रस्तुत गरिएको छ :

### ८.४.१ नीतिगत तह

१. यस अध्ययनले भाषा शिक्षण विधि तथा पद्धतिका थप अनुसन्धान गर्ने आधार दिनेछ ।

२. निमन्त्रणा लेखन क्षमतासँग सम्बन्धित अन्य अध्ययन अनुसन्धानका लागि आधार बन्छ ।

३. भाषिक सिपसँग सम्बन्धित अन्य नयाँ अनुसन्धान गर्न भावी अध्ययनलार्य सहयोग गर्नेछ ।

४. व्यवहारिक लेखन शिक्षणको महत्त्वका बारेमा स्पष्ट पार्दछ ।

### ८.४.२ प्रयोगात्मक तह

१. यस अध्ययनबाट उच्च मा.वि. तहमा नेपाली भाषा पाठ्यक्रम परिष्कार तथा परिमार्जन गर्न सहयोग मिल्नेछ,

२. उच्च मा.वि. तहका पाठ्यपुस्तकहरू निर्माण गर्दा विद्यार्थीहरूको रुचि, चाहना अनुसार पाठ्यपुस्तक निर्माण गर्नुपर्छ भन्ने कुरामा सहयोग पुऱ्याउँछ ।

३. दैनिक जीवनका व्यवहारिक समस्यसा समाधानमा सहयोग मिल्दछ ।

४. यस अध्ययनले विद्यार्थीहरूको लेखाइ क्षमताको मूल्याङ्कन गरी कक्षा शिक्षणमा सहयोग पुऱ्याउनेछ ।

## ८.५ भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू

- कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको लिखित अभिव्यक्ति क्षमताको अध्ययन,
- निमन्त्रणा तथा चिठी शिक्षण गर्दा अपनाइने कार्यकलापहरूको अध्ययन,
- कक्षा बाह्र उत्तीर्ण गरेका विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको अध्ययन ।
- इलाम जिल्लाका कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको अध्ययन
- माध्यमिक तहमा अध्ययनरत र उच्च मा.वि.मा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको अध्ययन

# सन्दर्भसूची


अधिकारी, विष्णुप्रसाद (२०७३), *माध्यमिक शिक्षक स्रोत सामग्री भाग दुई,* काठमाडौँ : आशिष बुक हाउस प्रा.लि ।

अधिकारी, विष्णुप्रसाद (२०७३), *नेपाली माध्यमिक स्रोत, सामग्री,* काठमाडौँ : आशिष बुक हाउस प्रा.लि ।

अधिकारी, हेमाङ्गराज (२०५०), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, गंगा (२०६७), *स्याङ्जा जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमतको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग त्रि. वि. कीर्तिपुर ।

कँडेल, अन्जु (२०७०), *स्नातक तह नेपाली पाठ्यपुस्तकमा समाविष्ट लेखाइ सिपसम्बन्धी अभ्यासको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग त्रि. वि. कीर्तिपुर ।

खतिवडा, काशिराम (२०६४), *कक्षा सात पुरा गरेका विद्यार्थीको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग त्रि.वि. कीर्तिपुर ।

खत्री, मीरा (२०६६), *गोरखा जिल्ला कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग त्रि.वि.कीर्तिपुर ।

खनाल, दीपा (२०६९), *दाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग त्रि.वि.कीर्तिपुर ।

घर्ती, शशिराम (२०५८), *रुकुम जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको चिठीलेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग त्रि.वि.कीर्तिपुर ।

जोशी, वेदानन्द (२०६६), *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग त्रि.वि.कीर्तिपुर ।

नेपाल, इन्द्रप्रसाद (२०६७), *सिन्धुपाल्चोक जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग त्रि.वि.कीर्तिपुर ।

निरौला, दिपकबाबु (२०६२), *कक्षा नौ पुरा गरेका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग त्रि.वि.कीर्तिपुर ।

भट्टराई, रामप्रसाद र अन्य (२०६४), *स्नातक साधारण नेपाली,* काठमाडौँ : शुभकामना प्रकाशन ।

भण्डारी, पारसमणि र अन्य (२०६६), *साधारण नेपाली,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र अन्य (२०६८), *भाषिक अनुसन्धान विधि,* काठमाडौँ : पिनाकल पब्लिकेसन प्रा.लि ।

भुसाल, केशव र महेश प्रसाद भट्ट (२०७३), *निम्न माध्यमिक शिक्षक नेपाली मार्गनिर्देशिका,* काठमाडौँ : सनलाइट पब्लिकेसन ।

शाही, विष्णु (२०६७), *चितवन जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग त्रि.वि.कीर्तिपुर ।

सापकोटा, सुकदेव र गणेशप्रसाद भट्टराई (२०७३), *निम्न माध्यमिक नेपाली शिक्षक स्रोत सामग्री,* काठमाडौँ : सोपान मासिक ।

सुवेदी, केशव र अन्य (२०७२ छैटौ सं.) *स्नातक सबैको नेपाली,* ललितपुर : साझा प्रकाशन ।

**परिशिष्ट**

## विद्यालय तथा विद्यार्थीहरूको विवरण

| क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | प्रतिशत | विद्यालयको नाम | लिङ्ग |
|---|---|---|---|---|---|
| १. | बिमला घिमिरे | ३० | ६० | आदर्श उच्च मा.वि. इलाम | स्त्री |
| २. | रबिना नेपाल | ३५ | ७० | आदर्श उच्च मा.वि. इलाम | स्त्री |
| ३. | एलिना सापकोटा | ४० | ८० | आदर्श उच्च मा.वि. इलाम | स्त्री |
| ४. | सर्मिला प्रधान | २५ | ५० | आदर्श उच्च मा.वि. इलाम | स्त्री |
| ५. | सोनाम प्रधान | २० | ४० | आदर्श उच्च मा.वि. इलाम | स्त्री |
| ६. | हिमाल विष्ट | २० | ४० | आदर्श उच्च मा.वि. इलाम | पुरुष |
| ७. | मुकेश प्रधान | ३० | ६० | आदर्श उच्च मा.वि. इलाम | पुरुष |
| ८. | विशाल राई | ३५ | ७० | आदर्श उच्च मा.वि. इलाम | पुरुष |
| ९. | प्रेम सैंजु | १० | २० | आदर्श उच्च मा.वि. इलाम | पुरुष |
| १०. | विनोद तामाङ | १५ | ३० | आदर्श उच्च मा.वि. इलाम | पुरुष |
| ११. | पेन्जीला शेर्पा | ४० | ८० | करफोक उच्च मा.वि. इलाम | स्त्री |
| १२. | एलिना राई | ४५ | ९० | करफोक उच्च मा.वि. इलाम | स्त्री |
| १३. | सिम्रन तामाङ | ४५ | ९० | करफोक उच्च मा.वि. इलाम | स्त्री |
| १४. | एलिसा प्रधान | २० | ४० | करफोक उच्च मा.वि. इलाम | स्त्री |
| १५. | एलिना बराइली | ३० | ६० | करफोक उच्च मा.वि. इलाम | स्त्री |
| १६. | विगत प्रधान | २० | ४० | करफोक उच्च मा.वि. इलाम | पुरुष |
| १७. | दिपेन प्रधान | २५ | ५० | करफोक उच्च मा.वि. इलाम | पुरुष |
| १८. | निरोज निरौंला | ३० | ६० | करफोक उच्च मा.वि. इलाम | पुरुष |
| १९. | सुगम निरौला | ३५ | ७० | करफोक उच्च मा.वि. इलाम | पुरुष |

| क.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | प्रतिशत | विद्यालयको नाम | लिङ्ग |
|---|---|---|---|---|---|
| २०. | सौगात भट्टराई | ३० | ६० | करफोक उच्च मा.वि. इलाम | पुरुष |
| २१. | पोत्सा राई | ३५ | ७० | कृष्णाश्रम उच्च मा.वि. | स्त्री |
| २२. | अमृता राई | ३० | ६० | कृष्णाश्रम उच्च मा.वि. | स्त्री |
| २३. | सीता पोखेल | २५ | ५० | कृष्णाश्रम उच्च मा.वि. | स्त्री |
| २४. | रोजिना गुरुङ | ४० | ८० | कृष्णाश्रम उच्च मा.वि. | स्त्री |
| २५. | सीता चेम्जुङ्ग | ३५ | ७० | कृष्णाश्रम उच्च मा.वि. | स्त्री |
| २६. | अस्विन प्रधान | २५ | ५० | कृष्णाश्रम उच्च मा.वि. | पुरुष |
| २७. | राम प्रधान | ३० | ६० | कृष्णाश्रम उच्च मा.वि. | पुरुष |
| २८. | मुकेश भट्टराई | ३५ | ७० | कृष्णाश्रम उच्च मा.वि. | पुरुष |
| २९. | रोजन घिमिरे | २५ | ५० | कृष्णाश्रम उच्च मा.वि. | पुरुष |
| ३०. | छिरिङ्ग तामाङ | २५ | ५० | कृष्णाश्रम उच्च मा.वि. | पुरुष |
| ३१. | सविना कटुवाल | ४० | ८० | शान्ति निकेतन उ.मा.वि. | स्त्री |
| ३२. | सिर्जना राई | २५ | ५० | शान्ति निकेतन उ.मा.वि. | स्त्री |
| ३३. | कृष्ण माया दाहाल | २० | ४४ | शान्ति निकेतन उ.मा.वि. | स्त्री |
| ३४. | शर्मिला भुजेल | ३५ | ७० | शान्ति निकेतन उ.मा.वि. | स्त्री |
| ३५. | प्रतिक्षा निरौला | ३० | ६० | शान्ति निकेतन उ.मा.वि. | स्त्री |
| ३६. | सुमन लाप्चा | ३० | ६० | शान्ति निकेतन उ.मा.वि. | पुरुष |
| ३७. | सुरेश निरौंला | २० | ४० | शान्ति निकेतन उ.मा.वि. | पुरुष |
| ३८. | गगन राई | १५ | ३० | शान्ति निकेतन उ.मा.वि. | पुरुष |
| ३९. | सुमन लाप्चा | ३५ | ७० | शान्ति निकेतन उ.मा.वि. | पुरुष |
| ४०. | सुरज थापा | ३० | ६० | शान्ति निकेतन उ.मा.वि. | पुरुष |

| क.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | प्रतिशत | विद्यालयको नाम | लिङ्ग |
|---|---|---|---|---|---|
| ४१. | सम्भु तामाङ | ४० | ८० | फिक्कल उ.मा.वि. | स्त्री |
| ४२. | दावा तमु तामाङ | २३ | ४६ | फिक्कल उ.मा.वि. | स्त्री |
| ४३. | प्रनिश राई | ३२ | ६४ | फिक्कल उ.मा.वि. | स्त्री |
| ४४. | करण राई | १५ | ३० | फिक्कल उ.मा.वि. | स्त्री |
| ४५. | अविनाश राई | ३४ | ८६ | फिक्कल उ.मा.वि. | स्त्री |
| ४६. | अन्जिता राई | ३७ | ७४ | फिक्कल उ.मा.वि. | पुरुष |
| ४७. | अर्पणा फागो | ४० | ८० | फिक्कल उ.मा.वि. | पुरुष |
| ४८. | मोनिका तामाङ | ४२ | ८४ | फिक्कल उ.मा.वि. | पुरुष |
| ४९. | पूजा राई | ४३ | ८६ | फिक्कल उ.मा.वि. | पुरुष |
| ५०. | राधना कठेत | २८ | ५६ | फिक्कल उ.मा.वि. | पुरुष |
| ५१. | मेनुका भुजेल | १३ | २७ | भानुभक्त उ.मा.वि., मंगलबारे | स्त्री |
| ५२. | प्रतिभा सुनुवार | २० | ४७ | भानुभक्त उ.मा.वि., मंगलबारे | स्त्री |
| ५३. | सन्धा राई | १७ | ३४ | भानुभक्त उ.मा.वि., मंगलबारे | स्त्री |
| ५४. | सुमिता राई | २५ | ५० | भानुभक्त उ.मा.वि., मंगलबारे | स्त्री |
| ५५. | लिजा न्यौपाने | ३० | ६० | भानुभक्त उ.मा.वि., मंगलबारे | स्त्री |
| ५६. | अनिश राई | २६ | ५२ | भानुभक्त उ.मा.वि., मंगलबारे | पुरुष |
| ५७. | आयुश दवाडी | १८ | ३६ | भानुभक्त उ.मा.वि., मंगलबारे | पुरुष |
| ५८. | अजय पौडेल | ३५ | ७० | भानुभक्त उ.मा.वि., मंगलबारे | पुरुष |
| ५९. | सन्तोष मुखिया | ३० | ६० | भानुभक्त उ.मा.वि., मंगलबारे | पुरुष |
| ६०. | विजय पाण्डे | २८ | ५६ | भानुभक्त उ.मा.वि., मंगलबारे | पुरुष |
| ६१. | सौगात निरौला | २५ | ५० | इलाम उ.मा.वि. | स्त्री |

| क.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | प्रतिशत | विद्यालयको नाम | लिङ्ग |
|---|---|---|---|---|---|
| ६२. | समिर राई | २० | ४४ | इलाम उ.मा.वि. | स्त्री |
| ६३. | टिका भुजेल | ३० | ६० | इलाम उ.मा.वि. | स्त्री |
| ६४. | सरोज राई | २८ | ५६ | इलाम उ.मा.वि. | स्त्री |
| ६५. | दिलबहादुर दाहाल | २७ | ५८ | इलाम उ.मा.वि. | स्त्री |
| ६६. | तारा भुजेल | ३० | ६० | इलाम उ.मा.वि. | पुरुष |
| ६७. | शर्मिला राई | ३२ | ६४ | इलाम उ.मा.वि. | पुरुष |
| ६८. | सरिता खतिवडा | ३५ | ७० | इलाम उ.मा.वि. | पुरुष |
| ६९. | रूपा राई | ३२ | ६४ | इलाम उ.मा.वि. | पुरुष |
| ७०. | पूजा राई | २८ | ५६ | इलाम उ.मा.वि. | पुरुष |
| ७१. | प्रकाश राई | २२ | ४४ | चारखोला उ.मा.वि. | स्त्री |
| ७२. | सन्तोष पराजुली | ३२ | ६४ | चारखोला उ.मा.वि. | स्त्री |
| ७३. | सौगात राई | २५ | ५० | चारखोला उ.मा.वि. | स्त्री |
| ७४. | नयन राई | २८ | ५६ | चारखोला उ.मा.वि. | स्त्री |
| ७५. | समिर लाप्चा | २३ | ४६ | चारखोला उ.मा.वि. | स्त्री |
| ७६. | सुजला गुरुङ | ३३ | ६६ | चारखोला उ.मा.वि. | पुरुष |
| ७७. | गंगा भट्टराई | १८ | ३६ | चारखोला उ.मा.वि. | पुरुष |
| ७८. | एलिजा तामाङ | ३५ | ७० | चारखोला उ.मा.वि. | पुरुष |
| ७९. | मन्दिरा राई | २४ | ४८ | चारखोला उ.मा.वि. | पुरुष |
| ८०. | मनिला गौतम | २९ | ५८ | चारखोला उ.मा.वि. | पुरुष |
| ८१. | विपना अधिकारी | ४० | ८० | एभरल्यान्ड इन्टरनेशनल उ.मा.वि. | स्त्री |
| ८२. | स्तुती राई | ४२ | ८४ | एभरल्यान्ड इन्टरनेशनल उ.मा.वि. | स्त्री |

| क.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | प्रतिशत | विद्यालयको नाम | लिङ्ग |
|---|---|---|---|---|---|
| ८३. | आश्मा श्रेष्ठ | ४१ | ८२ | एभरल्यान्ड इन्टरनेशनल उ.मा.वि. | स्त्री |
| ८४. | अर्पना राई | ४५ | ९० | एभरल्यान्ड इन्टरनेशनल उ.मा.वि. | स्त्री |
| ८५. | स्वस्तिका भट्टराई | ३८ | ७६ | एभरल्यान्ड इन्टरनेशनल उ.मा.वि. | स्त्री |
| ८६. | निमिष कटुवाल | ३५ | ७० | एभरल्यान्ड इन्टरनेशनल उ.मा.वि. | पुरुष |
| ८७. | संजोग राई | २५ | ५० | एभरल्यान्ड इन्टरनेशनल उ.मा.वि. | पुरुष |
| ८८. | सुनिल निरौला | ३२ | ६४ | एभरल्यान्ड इन्टरनेशनल उ.मा.वि. | पुरुष |
| ८९. | रविन खतिवडा | ४० | ८० | एभरल्यान्ड इन्टरनेशनल उ.मा.वि. | पुरुष |
| ९०. | ईश्वरी बराइली | २१ | ४२ | एभरल्यान्ड इन्टरनेशनल उ.मा.वि. | पुरुष |
| ९१. | मंजिल आचार्य | ३२ | ६४ | हेरिटेज नेशनल एकेडेमी | स्त्री |
| ९२. | जनिसा राई | ३० | ६० | हेरिटेज नेशनल एकेडेमी | स्त्री |
| ९३. | अनुप बास्कोटा | ३३ | ६६ | हेरिटेज नेशनल एकेडेमी | स्त्री |
| ९४. | प्रज्वल खत्री | ३५ | ७० | हेरिटेज नेशनल एकेडेमी | स्त्री |
| ९५. | कैलाश जोशी | ३६ | ७२ | हेरिटेज नेशनल एकेडेमी | स्त्री |
| ९६. | प्रयास लिम्बू | २८ | ५६ | हेरिटेज नेशनल एकेडेमी | पुरुष |
| ९७. | अनिशा पराजुली | ३८ | ७६ | हेरिटेज नेशनल एकेडेमी | पुरुष |
| ९८. | भगवती सापकोटा | २६ | ५२ | हेरिटेज नेशनल एकेडेमी | पुरुष |
| ९९. | कविता मुखिया | २५ | ५० | हेरिटेज नेशनल एकेडेमी | पुरुष |
| १००. | सजिना राई | ४० | ८० | हेरिटेज नेशनल एकेडेमी | पुरुष |

# व्यक्तिवृत्त

| | | |
|---|---|---|
| नाम | : | शान्ता कुमारी खनाल |
| बुवा | : | लक्ष्मीकान्त खनाल |
| आमा | : | गोमाकुमारी खनाल |
| स्थायी ठेगाना | : | सुम्बेक-९, इलाम |
| अस्थायी ठेगाना | : | कीर्तिपुर, काठमाडौँ |
| लिङ्ग | : | महिला |
| राष्ट्रियता | : | नेपाली |
| भाषा | : | नेपाली |
| धर्म | : | हिन्दू |

**शैक्षिक योग्यता**

| क्र.सं. | तह | विद्यालय/क्याम्पस | उत्तीर्ण वर्ष | श्रेणी |
|---|---|---|---|---|
| १ | प्रवेशिका | सरस्वती मा.वि., सुलुबुङ्ग, इलाम | २०६३ | द्वितीय |
| २ | प्रवीणता प्रमाणपत्र (+२) | मङ्गल उच्च मा.वि., कीर्तिपुर, काठमाडौँ | २०६६ | द्वितीय |
| ३ | स्नातक | महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम | २०६९ | द्वितीय |
| ४ | स्नातकोत्तर | त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौँ | २०७३ | प्रथम |